नेपालका लागि स्वीस सहयोग रणनीति

२०१३–२०१७

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

प्रकाशक
वैदेशिक मामिलाका लागि संघीय मन्त्रालय
३००३, बर्न

आवरण तथा सज्जा
वर्ल्डवाईड प्रिन्ट सोलुसन, नेपाल

सम्पर्क
नेपाल स्थित स्वीट्जरल्याण्ड दुतावास
पो.व.नं. ११३
काठमाडौं, नेपाल

स्वीस सरकार विकास सहयोग
दक्षिण एसिया महाशाखा
३००३ बर्न, स्वीट्जरल्याण्ड

राजनीतिक मामिला निर्देशनालय
मानव सुरक्षा महाशाखा
शान्ति, मानव अधिकार, मानवीय नीति, आप्रवासन
३००३ बर्न, स्वीट्जरल्याण्ड

यो प्रकाशन www.sdc.org.np मा पनि उपलब्ध छ ।

काठमाडौं, २०१४

विषयसूची

प्राक्कथन

१. परिवेश विश्लेषण १

२. नेपालका राष्ट्रिय प्राथमिकताहरू र स्वीस वैदेशिक नीतिका उद्देश्यहरू ४

३. सन् २००९-२०१२ सम्म नेपालमा स्वीस सहयोगबाट उपलब्ध नतिजाहरू ६

४. स्वीस रणनीति २०१३-२०१७ लाई पार्नसक्ने प्रभावहरू ८

५. प्राथमिकताका क्षेत्र तथा उद्देश्यहरू १०

क. समग्र लक्ष्य १०

ख. कार्यक्रमका क्षेत्रहरू १०

ग. भौगोलिक केन्द्रित कार्यक्षेत्र १२

घ. वित्त १२

६. कार्यक्रम कार्यान्वयन १३

७. कार्यक्रम सञ्चालन १५

* *

परिशिष्टाङ्क १६

कः परिणाम ढाँचा १६

खः स्वीस सहयोग रणनीति २०१३-१७ को अनुगमन प्रणाली २२

गः सन् २०१३-१७ का सम्भावित परिदृश्यहरू २३

घः परिदृश्य अनुरूप कार्यक्रमको अनुकूलन २५

ङः वित्तीय योजना तथा अन्य स्वीस योगदान २७

चः परिभाषिक शब्दावलीको सूची २८

छ (क): भौगोलिक केन्द्रित कार्यक्षेत्र सहितको नेपालको मानचित्र ३०

छ (ख): मध्य क्लष्टरमा प्रस्तावित सडक करिडोर पद्धति ३१

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Our rapidly changing world and the joint learning processes we have with our partners force us to periodically rethink our priorities and values. The Swiss Message to Parliament on International Development 2013 – 2017, is such a "re-think" which has been informed by the lessons of our partnerships, and in turn informs the strategic foundations of our country programmes. It is thus noteworthy that this particular country strategy, wrought in collaboration with our oldest partner of all, Nepal, very nearly coincides with the Messages' time horizon, and as such will become a vivid expression of its vision.

Although the areas in which our two countries could cooperate are legion, the available means remain limited, and accordingly, particular themes must be singled out as priorities. In this country strategy, these are Inclusive Socio-Economic Development and Improved Public Service Delivery. They were chosen on the basis of three lenses: (1) development issues where considerable urgency has been identified; (2) the particular expertise which Switzerland possesses to address such issues; and (3) the geographical and topical areas in which Nepal and Switzerland have already been collaborating.

At this juncture in Nepal's history, it is a considerable privilege for Switzerland to contribute to the next crucial chapter of our partner's development which will be written over the coming few years – and my personal honour to witness the unfolding cooperation between our two countries as this happens.

Swiss Agency for Development and Cooperation

Martin Dahinden
Director

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

द्रुतगतिमा परिवर्तन भईरहने हाम्रो विश्व र हाम्रा साझेदारहरूसँग हुने हाम्रो संयुक्त सिकाई प्रकृयाहरूले हामीलाई हाम्रा प्राथमिकता र मान्यताहरूलाई समय-समयमा पुनर्विचार गर्न बाध्य तुल्याउँदछ । स्वीस संसदलाई अन्तर्राष्ट्रिय विकास सन् २०१३-२०१७ बारे दिइएको सन्देश नै यस्तो "पुनर्विचार" हो, जुन हाम्रा साझेदारीहरूका सिकाईहरूबाट सूचित छ र जसले फेरि हाम्रा सहयोग प्राप्त गर्ने देशीय कार्यक्रमहरूका रणनीतिक जगहरूलाई सूचित गर्दछ । अत्तः यो सन्देशसँगै हाम्रो सबैभन्दा पुरानो साझेदार नेपालसँग मिलेर बनाइएको यो देशीय रणनीति यसको दीर्घकालीन सोचको, ज्वलन्त अभिव्यक्ति बन्नेछ भन्ने कुरा मननीय छ ।

हाम्रा दुई देशले सहकार्य गर्न सक्ने क्षेत्रहरू निकै धेरै भएतापनि उपलब्ध साधनहरू सीमित छन्, तदनुरूप केही निश्चित विषयहरूलाई प्राथमिकतामा राखी छुट्याउनु पर्ने हुन्छ । यस देशीय रणनीतिमा समावेशी सामाजिक-आर्थिक विकास र सुदृढ सार्वजनिक सेवा प्रदान गर्ने विषयलाई प्राथमिकतामा राखिएका छन् । यिनलाई तीन वटा दृष्टिकोणले छनौट गरिएका हुन्: (१) तत्काल सम्बोधन गर्नुपर्ने भनी पहिचान गरिएका विकासका मुद्दाहरू, (२) यस्ता मुद्दाहरूलाई सम्बोधन गर्नका लागि स्वीट्जरल्याण्डसँग भएको निर्दिष्ट विशेषज्ञता र, (३) नेपाल र स्वीट्जरल्याण्डले पहिल्यैदेखि सहकार्य गरिआएका भौगोलिक एवं विषयगत क्षेत्रहरू ।

नेपालको इतिहासको यो मोडमा आउँदा आगामी केही बर्षमा लेखिने हाम्रो साझेदारको विकासका अध्यायहरूमा योगदान गर्न पाउनु स्वीट्जरल्याण्डको लागि प्रतिष्ठाको विषय हो र हाम्रा दुई देशबीच भईरहेको सहकार्यमा साक्षी रहन मेरा लागि व्यक्तिगत सम्मानको कुरा पनि हो ।

स्वीस सरकार विकास सहयोग

मार्टिन डाहिन्डेन
निर्देशक

FOREWORD

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Switzerland and Nepal look back on more than half a century of friendship and joint developmental cooperation. It is thus with pleasure that we regard the publication of the Swiss Cooperation Strategy for Nepal 2013 – 2017 as a mutual reaffirmation of our countries' commitment to the legacy and on-going success of this relationship.

This cooperation shall support Nepal in its own efforts to combat poverty, to foster socio-economic development and to build a more functional and inclusive state responsive in particular to the needs and the rights of the disadvantaged and marginalised groups of the population.

In doing so, we recognise that Nepal's greatest resource are the women and men of this country and that responding to their aspirations for prosperity, social services, peace and the rule of law is the ultimate goal of our joint collaboration.

Their vision, expressed through democratic and participative processes, will be our guide.

To them we will be accountable.

Federal Department of Foreign Affairs
Government of Switzerland

Yves Rossier
Secretary of State

Ministry of Finance
Government of Nepal

Shanta Raj Subedi
Secretary

प्राक्कथन

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

नेपाल र स्वीट्जरल्याण्ड यस्को मित्रता र विकास सहयोगमा साझेदारी गर्न थालेको आधा शताब्दी भन्दा बढि भइसकेको छ। अतः नेपालमा स्वीस सहयोग रणनीति २०१३-२०१७ को प्रकाशनलाई हामीले सहर्ष हाम्रो सम्बन्धको सफलता र निरन्तरता प्रतिको प्रतिवद्धताको साझा अठोटको रूपमा लिएका छौं।

यस सहयोगले गरिबीसँग जुध्न, आर्थिक सामाजिक विकासलाई प्रवर्द्धन गर्न, र अझ बढी क्रियाशील र समावेशी र, विशेष गरी गैह्रलाभान्वित र सीमान्तकृत समूहहरूको अधिकार प्रति अझ बढी सम्वेदनशील हुनका लागि नेपाल आफैंले गर्ने प्रयासलाई सहयोग गर्ने छ।

यस परिप्रेक्ष्यमा नेपालको सबैभन्दा ठूलो स्रोत भनेको यस मुलुकको महिला र पुरुषहरू हुन् भन्ने तथ्यलाई मनन् गर्दै वहाँहरूको सम्पन्नता, सामाजिक सेवा शान्ति तथा विधिको शासनको चाहनालाई पुरा गर्नु नै हाम्रो सहकार्यको अन्तिम लक्ष्य हो भन्ने तथ्यलाई स्वीकार गर्दछौं।

लोकतान्त्रिक र सहभागितामूलक प्रकृयाहरू मार्फत अभिव्यक्त भएको वहाँहरूको दीर्घकालिन सोच नै हाम्रो मार्गनिर्देशक हुने छ।

वहाँहरूप्रति हामी जवाफदेही हुने छौं।

वैदेशिक मामिलाका लागि संघीय मन्त्रालय
स्वीस सरकार

यीब्स रोसर
राज्य सचिव

अर्थ मन्त्रालय
नेपाल सरकार

शान्त राज सुवेदी
सचिव

डडेलधुरा जिल्लामा अवस्थित डोटी खोलामा निर्माण गरिएको दुइटा पुल
झोलुङ्गे पुल उपक्षेत्र कार्यक्रम

१. परिवेश विश्लेषण

सन् २००६ मा वृहत शान्ति सम्झौतामा हस्ताक्षर भए पछि नेपालले उल्लेख्य राजनीतिक प्रगति हासिल गरेको छ। सन् २००८ मा संसदीय र संविधान सभाको निर्वाचन सम्पन्न गरियो, र त्यसको केही समय पछि नै नेपाल एउटा संघीय लोकतान्त्रिक गणतन्त्र भएको घोषणा गरियो। सन् २०१२ मा भएको माओवादीका पूर्वलडाकूहरूको स्वैच्छिक अवकास र नेपाली सेनामा भएको समायोजन शान्ति प्रकृयाका लागि अर्को महत्वपूर्ण कोशेढुङ्गा थियो। यद्यपि यस बाहेकका प्रगतिहरू सुस्त भएका छन्। सन् २०१२ मे महिनामा संविधान सभा नयाँ संविधान जारी गर्न असफल भयो, जसले गर्दा सो सभा नै भङ्ग भयो। नयाँ संविधान सभा र संसदका लागि निर्वाचन घोषणा गरिएको छ, अब संविधान लेखन प्रकृया पुन शुरु गरिनु पर्ने हुन्छ। यसले गर्दा संक्रमणकालिन न्यायका लागि चाहिने संयन्त्रको स्थापनामा ढिलाइ हुने देखिन्छ।

नेपाल आफ्नो इतिहासको यस्तो चरणमा छ जति बेला राज्यका सबै राजनीतिक र नागरिक समाजका पात्रहरूले मुलुकलाई कसरी एउटा सम्वृद्ध संघीय राज्यमा रूपान्तरित गर्ने भन्ने बारे एउटा सहमति हासिल गर्न आवश्यक छ। यो एउटा यस्तो कुरा हो जसमा नेपालका सबै विकासका साझेदारहरू सहयोग गर्न तत्पर छन्। अझ सुदृढ विधिको शासन, समता र समावेशिता हासिल गर्नका लागि सन् २००६ को वृहत शान्ति सम्झौता र सन् २००८ को अन्तरिम संविधानमा उल्लेख भएका धेरै वटा आधारभूत राजनीतिक, सामाजिक, आर्थिक र प्रशासनिक सुधारहरूलाई कार्यान्वयन गरिनु पर्दछ। मुलुकलाई समावेशी लोकतान्त्रिक राज्यमा रूपान्तरित गर्न र सक्षम प्रशासनको स्थापनाका लागि धेरै बर्ष सम्म राजनीतिक इच्छाशक्ति र अनुशासनको आवश्यकता पर्दछ। यसका साथै अन्य मुद्दाहरूलाई पनि सम्बोधन गरिनु पर्दछ: सार्वजनिक निकायहरूले मानव अधिकार, विधिको शासन र स्वतन्त्र न्यायप्रणालि प्रत्याभूत गराउनु पर्दछ। सुरक्षा निकायहरूमा लोकतान्त्रिक नियन्त्रण गर्दै यी निकायहरूले सामाजिक न्याय र समतालाई सुनिश्चित गर्नका लागि कानुन बनाएर लागू गर्नु पर्दछ। शासन र शान्तिसँग सम्बन्धित यी सवालहरूमा ठोस सुधार हासिल नभइन्जेलसम्म सामाजिक आर्थिक विकास सुस्त गतिमा रहने छ। यद्यपि संविधान लेख्न नसक्नु र निरन्तर राजनीतिक दाउपेचले सरकारी निकाय र राजनीतिक दलप्रतिको घटिरहेको जनसमर्थन अझ घट्न सक्दछ, र पहिचान र अन्य मुद्दालाई उठाएर नयाँ राजनीतिक शक्तिको प्रादूर्भावलाई नयाँ स्थान प्रदान गर्न सक्दछ। यसो भएमा राजनीतिक परिदृश्य अझ जटिल बन्ने छ र राजनीतिक सहमति हासिल गर्न अझ कठिन हुने छ।

नेपाल भौगोलिक र सामाजिक जातजाति तथा विविधतामा समृद्ध छ। यद्यपि, १२५ भन्दा बढी जातिय समूह र १२३ भन्दा बढी भाषा दिनहुँ[1] बोलिने भएकाले मुलुकले जातिय तथा सामाजिक जटिलताका साथै आर्थिक असमानताहरूलाई सम्बोधन गर्नु पर्दछ।

वेपत्ता पारिएका मानिसहरूको सम्झना गर्दै
एडभोकेसी फोरम, नेपाल

[1] सन् २०११ को जनगणना, तथ्याङ्क सन् २०१२ को नोभेम्बरमा केन्द्रिय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क

यसका साथै, नेपाली समाज, राजनीतिक, सामाजिक र आर्थिक अवसरमा भएको असमान पहुँचको परम्पराबाट पीडित छ। विगतमा भएका हिंसात्मक द्वन्द्वका मूल कारणहरू समाधान गरिएको छैन र पर्याप्त रूपमा सम्बोधन गरिएको छैन ।

अवसरहरूमा असमान पहुँच अझै पनि विद्यमान छ। आरक्षण, कोटा, लक्षित कार्यक्रम जस्ता सकारात्मक प्रयासहरूको बावजुद पनि लिङ्ग, जात, जाति, धर्मका आधारमा हुने विभेद अझै पनि गम्भीर सरोकारका विषय रहिरहेका छन्। तथापि, आर्थिक र विविध उप-राष्ट्रिय कारक तत्वहरूले गम्भीर चुनौति खडा गर्दछन् र पहिचान र स्थानीय शक्ति सम्बन्धहरूलाई आधारभूत रूपमा प्रभावित गर्दछ। दण्डहिनता विद्यमान छ र भ्रष्टाचार अवधारणा सूचकाङ्कमा नेपालको स्थान निकै तल्लो तहमा छ। यस्ता मुद्दाहरूलाई समाधान गर्नका लागि अपर्याप्त राजनीतिक इच्छाशक्ति देखिन्छ। विभिन्न रूपमा हुने हिंसा बारे निकै कम जनसचेतना छ, जसमध्ये लैङ्गिक घरेलु हिंसा र अपराध निरन्तर रूपमा बढिरहेको छ। साथै, आर्थिक कारणका लागि हुने आप्रवासन निरन्तर रूपमा बढिरहेको छ, र आप्रवासनबाट नफर्किएका वा मुख्यःत पुरुषहरू नहुनाले, यीमध्ये धेरै समस्याहरू अझ चर्कीएको छ।

यी चुनौती र सीमितताका बावजुद पनि, नेपालले विगत तीन दशकमा मानव विकास सूचकाङ्कमा आफ्नो स्थानमा सुधार ल्याएको छ र उसले सहस्राब्दी विकास लक्ष्यको गरिबी न्यूनीकरण, शिक्षा, लैङ्गिक समानता र स्वास्थ्य जस्ता क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ। यद्यपि सन् २०१२ मा प्रतिव्यक्ति आय अमेरिकी डलर ७३५ सन् २००६ मा ३५० अमेरिकी डलर रहेको[२] नेपाल एशियाको एउटा गरीब मुलुक हो। सन् २०११ मा मुलुकको २५ प्रतिशत जनसंख्या नेपालको सरकारी तथ्याङ्क अनुसार नै गरिबीको रेखामुनि रहेका छन् (नेपाली रूपैयाँ १९,२६१ प्रति वर्ष/व्यक्ति), जुन सन् २००३/४ मा ५३ प्रतिशत थियो। गरिबी असमान तवरले वितरित छ, र शहरी क्षेत्रमाभन्दा ग्रामीण क्षेत्रमा बढी छ। अन्य समूहहरूभन्दा दलितहरू अझ बढी गरिब छन्, माध्यमिक तहको शिक्षा हासिल गरेको व्यक्ति मूली भएको घरभन्दा असाक्षर घरमूली भएको परिवार गरीब हुने सम्भावना ४.५ गुणा बढी हुन्छ। मुलुकका धेरै बासिन्दाहरू, विशेषगरी गैह्रलाभान्वित समूहहरूको[३] सामाजिक एवं आर्थिक जोखिमलाई बजारसँगको दुरी र आधारभूत सेवा, आर्थिक र प्राकृतिक स्रोतहरूमा पहुँच नभएको अवस्था र बढ्दो ऋणको भारले गर्दा झन् बढाएको छ। त्यस माथि पनि नेपाल भूकम्प, पहिरो र बाढीजस्ता जलवायु परिवर्तन र प्राकृतिक विपद्को ठूलो जोखिममा रहेको छ। यस्ता प्राकृतिक जोखिम साथै राजनीतिक संकट र आर्थिक अवसरको कमीको परिणामस्वरूप आन्तरिक रूपमा विस्थापित व्यक्ति र शरणार्थीहरू सिर्जना हुन सक्दछ, जसले गम्भीर आर्थिक तथा सामाजिक कठिनाइहरू चर्काउँदछ। नेपाल सरकारले जनसंख्याका यस्ता जोखिममा रहेका समूहहरूलाई प्रदान गर्ने सहयोगमा अझ थप सहयोग पुऱ्याउन नेपालमा रहेका अन्तर्राष्ट्रिय दातृ समुदाय तयार छन्।

सन् २०११/१२ मा ४.६ प्रतिशत भए पनि गएको दशकमा[४] नेपालको कूल गार्हस्थ्य उत्पादनको औसत वृद्धिदर ४ प्रतिशत मात्र रह्यो। मूल्यवृद्धि करिब ९ प्रतिशत कायम रह्यो र आर्थिक घाटा कूल गार्हस्थ्य उत्पादनको ४ प्रतिशतभन्दा तल कायम रहेको छ[५]। सन् २०११ को विश्व बैंक/अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को ऋण दिगोपना विश्लेषणको आधारमा नेपाल मानक तनाव परिक्षणमा उत्तिर्ण भएको छ र विशेष वित्तीय तनाव परिदृश्यमा नेपालले लिएको ऋण चुक्ता नगर्ने जोखिम मध्यमस्तरको भएको आँकलन गरिएको छ। नेपाली अर्थतन्त्रका मुख्य क्षेत्र वैदेशिक रोजगार, कृषि, भौतिक निर्माण, वित्तीय र अन्य सेवाहरू हुन्। अर्थतन्त्रको संरचनागत कमजोरी तथा लगानी गर्नका लागि उत्प्रेरणाको कमीले गर्दा प्रत्येक वर्ष श्रम बजारमा आउने लाखौं युवाहरूका लागि पर्याप्त उपलब्धिमूलक रोजगारीका अवसरहरूको

---

२ अर्थ मन्त्रालय/केन्द्रिय तथ्याङ्क विभाग, आर्थिक वर्ष सन् २०१०/११ को आर्थिक सर्वेक्षण

३ गैह्रलाभान्वित समूहहरूलाई गरिबीको साथ साथै विभेदबाट पीडित समूहका रूपमा परिभाषित गरिएको छ।

४ अर्थ मन्त्रालय/केन्द्रिय तथ्याङ्क विभाग, आर्थिक वर्ष सन् २०१०/११ को आर्थिक सर्वेक्षण

५ नेपाल राष्ट्र बैंक सन् २०११/१२

अभाव रहिआएको छ। अतः गरिबीका कारण उनीहरू उच्च सामाजिक मूल्य चुकाएरै भए पनि भारत वा अन्य देशमा आप्रवासनका लागि जाने गर्दछन्। करिब १९ लाख नेपाली मुलुक बाहिर काम गरिरहेका अनुमान गरिएको छ[६] र ६ महिनाभन्दा कम विदेशमा रही काम गर्ने मौसमी आप्रवासीहरू समेतले ल्याउने विप्रेषण जोड्दा नेपाल भित्रिने कुल विप्रेषण मुलुकको कुल गार्हस्थ्य उत्पादनको झण्डै २३ प्रतिशत हुन आउँदछ[७]। चीन र भारतबीचमा अवस्थित भूपरिवेष्टित मुलुक नेपालले यी दुई शक्तिशाली तथा प्रभावशाली छिमेकी मुलुकहरूसँगको राम्रो सम्बन्धमा विशेषतः भरपर्नु पर्ने हुन्छ।

विकास प्रभावकारिताको बुसान सिद्धान्तमा आधारित भएर नेपाल सरकारका राष्ट्रिय निकायहरूले विकास प्रकृयालाई समन्वय गर्नुपर्ने नेपाल सरकारको नीति रहिआएको छ। विद्यमान वित्तीय कमजोरीको बावजुद पनि दातृ निकाय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले प्रत्यक्ष कार्यान्वयनको पद्धतिलाई क्रमिक रूपमा छोड्दै त्यस्तो पद्धतिमा जानु पर्ने हुन्छ जहाँ नेतृत्व र समन्वय राज्यसँग हुन्छ जसमा सरकारी वित्तीय व्यवस्थापनलाई सावधानीपूर्वक अनुगमन गर्नु आवश्यक हुन जान्छ।

आलु बजार, खोटाङ्ग
नेपालस्थित स्वीटजरल्याडको दूतावास

[६] जनगणना २०११/१२

[७] श्रम तथा यातायात व्यवस्था मन्त्रालय, अन्तर्राष्ट्रिय आप्रवासन संगठन २०१०, वैदेशिक रोजगारी, विप्रेषण र नेपालको अर्थतन्त्रमा यसको योगदान

२. नेपालका राष्ट्रिय प्राथमिकताहरू र स्वीस वैदेशिक नीतिका उद्देश्यहरू

नेपाल सरकारले तय गरेका तात्कालिक तथा मध्यमकालिन राष्ट्रिय प्राथकिमताहरू चार वटा स्तम्भमा आधारित छन्:

१) शान्ति प्रकृयालाई अझ सुदृढ बनाउने,
२) नयाँ संविधान लेखन एवं कार्यान्वयन, नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित गर्ने र निर्वाचन गराउने,
३) विधिको शासनलाई बढावा दिन, विभेद कम गर्न र सार्वजनिक वित्तीय व्यवस्थापनमा भएको विश्वासको कमीलाई कम गर्न शासन पद्धतिलाई सबल बनाउने,
४) जलस्रोत उत्पादन, पर्यटन विस्तार, कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने तथा आधारभूत ग्रामीण पूर्वाधारमार्फत आर्थिक विकास। यस अन्तर्गत खाद्य सुरक्षा हासिल गर्ने, विषेश गरी युवाहरूका लागि रोजगारीको दरलाई बढाउने र सामाजिक-आर्थिक सेवाहरू तथा बजारमा पहुँच बढाउने उद्देश्य राखिएको छ।

नेपालमा स्वीस सरकारले सन् १९५० को दशकदेखि सहयोग गर्न थालेको हो। यस अन्तर्गत नेपालमा रहेका तिब्बती शरणार्थीहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउनका लागि उल्लेख्य योगदान दिनुका साथै ग्रामीण क्षेत्रमा जीविकोपार्जन तथा रोजगारीमूलक सीप विकासका कार्यक्रमहरूलाई सहयोग प्रदान गरिएको थियो। यसका अतिरिक्त सन् २००५ देखि स्वीट्जरल्याण्डले स्पष्ट रूपको समष्टिगत स्वीस सरकार पद्धतीमा आधारित भएर शान्ति निर्माण, मानव अधिकार र राज्य निर्माणका कार्यहरूलाई सहयोग प्रदान गरिरहेको छ। सन् २००९ को अगस्त महिनामा काठमाडौंमा स्वीट्जरल्याण्डको दूतावासको स्थापना भयो। स्वीस सरकार विकास सहयोग (एसडीसी) र मानव सुरक्षा विभाग (एचएसडी)का लागि नेपाल एउटा प्राथमिकता कालिनमा रहेको मुलुक हो र यो कार्यक्रम संक्रमण तथा नाजुक अवस्थामा रहेका राज्यहरूमा केन्द्रित एसडीसीको महत्वपूर्ण कार्यक्रमको अंश हो। मानव सुरक्षा डिभिजन (एचएसडी)को कार्यादेशको[६] हिस्सा अन्तर्गत पर्ने वृहत प्रकारका संयन्त्र र विषयहरू पनि यसअन्तर्गत पर्दछन् जसमा स्वीट्जरल्याण्डको विशेषज्ञता र/अथवा विश्वसनीयता रहेको छ, जस्तो कि संघीयता र सम्वाद सहजीकरण, ती क्षेत्र पनि यसअन्तर्गत पर्दछन्।

सन् २०१३ देखि २०१६ सम्मको स्वीस अन्तर्राष्ट्रिय सहयोगको प्रतिवेदनमा संकट, द्वन्द्व र विपद् रोकथाम गर्ने तथा सम्बोधन गर्ने, लोकतान्त्रिक पद्धतिलाई सुशासन सवलीकरण गर्ने र सबैका लागि स्रोत र सेवामा पहुँच पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता प्रदान गरिएको छ। हालको रणनीति यी प्राथमिकताहरूलाई मध्यनजर गर्दै तर्जुमा गरिएको हो। यसका साथै माथि उल्लिखित नागरिक शान्ति निर्माण र मानव अधिकारको दस्तावेजहरूलाई पनि मध्यनजर गरिएको छ, जसले एकातिर लोकतान्त्रिक सिद्धान्त, सुशासन र

सिञ्चाइ पोखरी
जिविकोपार्जन सुधारका लागि स्थानीय पूर्वाधार

[६] नागरिक शान्ति निर्माण र मानव अधिकारको प्रवर्द्धनलाई निरन्तरता दिनेसँग सम्बन्धित संसदमा पेश गरिएको विधेयक, २०१२-२०१६

शान्तिमा आधारित सवल वातावरण र अर्कोतिर गरिबी र विभेद भोगिरहेका मानिसहरूका लागि आयस्रोत र सार्वजनिक सेवामा पहुँच पुऱ्याउने निर्दिष्ट उपायहरूसहितको गरिबी न्यूनीकरणबीच बलियो सम्बन्धमा जोड दिन्छ।

नेपालको सन्दर्भमा यो आर्थिक वृद्धिको प्रवर्द्धन, रोजगारमूलक तालिम, ग्रामीण उत्पादनको बजारिकरण र रूपान्तरण र सञ्चार पूर्वाधारका सँगसँगै राज्य सुधार, स्थानीय प्रशासन र सहभागिता र कृषि र खाद्य सुरक्षाका कार्यक्रममार्फत गरिने छ।

आफ्नो वैदेशिक नीति र विकास उद्देश्य अनुरूप[९] स्वीट्जरल्याण्ड एशिया-प्रशान्त क्षेत्रमा नेपालले एउटा शान्त, लोकतान्त्रिक र विकसित मुलुकका रूपमा आफ्नो स्थान बनाएको हेर्न चाहन्छ, जसले विश्वव्यापी रूपमै आर्थिक एवं राजनीतिक रूपमा महत्व राख्दछ[१०]। स्वीट्जरल्याण्ड एशिया-युरोप बैठकको सदस्य हो र एकिकृत पहाडी विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड)लाई बलियो रूपमा सहयोग गर्दछ र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र दक्षिण पूर्वी एशियाली राष्ट्रहरूको संगठन (आशियान) जस्ता बहुराष्ट्रिय मञ्चहरूका कृयाकलापहरूलाई नजिकबाट नियाल्दछ। नेपाल र स्वीट्जरल्याण्डबीचको आर्थिक सम्बन्ध सामान्य रहिआएको छ र यसलाई अझ विस्तार गर्दै लान सकिन्छ।

आर्थिक वर्ष २०१०-११ मा नेपालले अमेरिकी डलर १.०८ अर्ब वैदेशिक सहायता प्राप्त गरेको थियो, जुन राष्ट्रिय बजेटको झण्डै २१ प्रतिशत हुन आउँदछ। यसमध्ये विश्व बैंकले अमेरिकी डलर २५ करोड ६१ लाख, एसियाली विकास बैंकले १८ करोड ४४ लाख, संयुक्त राष्ट्र संघले अमेरिकी डलर ११ करोड २५ लाख, युरोपियन युनियनले अमेरिकी डलर ४ करोड २४ लाख र ग्लोबल फण्डले अमेरिकी डलर १ करोड ९० लाख प्रदान गरेको थियो। द्विपक्षीय सहयोग प्रदान गर्ने मुख्य देशहरूमा संयुक्त अधिराज्य (अमेरिकी डलर ९ करोड २१ लाख), जापान (अमेरिकी डलर ५ करोड ८७ लाख), भारत (अमेरिकी डलर ५ करोड ७ लाख), अमेरिका (अमेरिकी डलर ४ करोड ८५ लाख) र स्वीट्जरल्याण्ड हुन्। स्वीस फ्र्याङ्क ३ करोड ५० लाख अर्थात अमेरिकी डलर ३ करोड ७० लाखको वार्षिक बजेट रहेको स्वीट्जरल्याण्ड नेपालका लागि छैठौं ठूलो द्विपक्षीय दातृ निकाय हो।

समुदायले दिगो रूपमा व्यवस्थापन गरेको वनको उदाहरण
बहुसरोकारवाला वन कार्यक्रम

[९] परराष्ट्र नीति २०१२-१५ र स्वीट्जरल्याण्डको सन् २०१३-२०१६ अन्तर्राष्ट्रिय सहयोगसम्बन्धी प्रतिवेदन
[१०] एशिया-प्रशान्त रणनीति

३. सन् २००९-२०१२ सम्म नेपालमा स्वीस सहयोगबाट उपलब्ध नतिजाहरू

स्वीस सहयोग रणनीति सन् २००९-२०१२ ले नेपालमा सामाजिक-आर्थिक विकास, समावेशी र लोकतान्त्रिक राज्य निर्माण र मानव सुरक्षालाई प्रवर्द्धन गर्नका लागि सहयोग गर्ने उद्देश्य राखेको थियो । गरीबी घटाउनलाई गैह्रलाभान्वित समुहहरूलाई सबल बनाउँदै जिविकोपार्जनलाई सुदृद गर्दै, समावेशी विकाशलाई प्रवर्दन गरेर शान्ति एवं राज्य निर्माण प्रकृियाहरूलाई मजबुत बनाउनका साथै मानव अधिकारलाई प्रवर्द्धन गर्दै समाजको संक्रमणलाई बलियो बनाउदै लाभग्राहीहरूको विकाशको लाभहरूको दिगोपन सुनिश्चित गर्न यस रणनीति केन्द्रित थियो । चार वर्षको अवधिमा यी क्षेत्रहरूमा लगभग १३ करोड स्वीस फ्र्याङ्क खर्च भएको छ ।

विकासको क्षेत्रमा नेपाल र स्वीट्जरल्याण्डबीच रहिआएको असल सहकार्य र परस्पर विश्वासको लामो इतिहास र वैदेशिक मामिला हेर्ने सङ्घीय विभागका विभिन्न एकाइहरूबीच एकअर्काको पूरकका रूपमा कार्य गर्ने चरित्र एवं ती एकाइहरूबीच हुने समन्वय बिना नेपाली परिप्रेक्ष्यका लागि तय गरिएको यस वृहत तथा महत्वाकांक्षी विधि सम्भव हुने थिएन । यिनै दुई कारक तत्वले नै गर्दा स्वीट्जरल्याण्डलाई राज्य निर्माण, विभेद, विधिको शासन र शान्ति प्रवर्द्धन गर्ने कार्य जस्ता सम्वेदनशील विषयहरूमा गरिबी न्यूनीकरण रणनीतिको अभिन्न हिस्सा बनाई कार्यक्रम सञ्चालन गर्न सम्भव भएको छ, जसले मुख्यता ग्रामीण क्षेत्रमा रहेका राजनीतिक शक्ति, स्रोत र सेवामा कम पहुँच भएका महिला र पुरुषहरूको हितका लागि कार्य गर्दछ ।

सार्वजनिक सुनुवाई, (काभ्रे)
जोसेफ जिम्मरम्यान

यर्थाथमा समावेशी विकास र सशक्तीकरणका लागि स्वीट्जरल्याण्डको प्रयास धेरै मानेमा सफल भएका मानिनु पर्दछ । मुलतः गैह्रलाभान्वित समूहको जीविकोपार्जनको अवस्थामा सुधार आएको छ । स्वीट्जरल्याण्डको विकास कार्यक्रमहरूबाट लाभ पाउने जनसंख्यामध्ये ६४ प्रतिशतभन्दा बढी यी समूहका सदस्यहरू थिए (सन् २००९ मा यो प्रतिशत ४४ थियो); स्वीट्जरल्याण्डले सहयोग प्रदान गरेको क्लस्टर जिल्लाका नमूना सडक करिडोर वरिपरि बसोबास गरेका गैह्रलाभान्वित/विपन्न समूहमध्ये ३९ प्रतिशतले जीविकोपार्जनका लागि दुई वा सोभन्दा बढी विकल्पहरू प्राप्त गरेका थिए (सन् २०१२ मा ३० प्रतिशत); सन् २०१० मा स्वीट्जरल्याण्डले सहयोग प्रदान गरेका परियोजनाहरूका उपभोक्ता समितिमा[११] विभेदमा परेका समूहको[१२] प्रतिनिधित्व ३४ प्रतिशत मात्र थियो । हाल आएर सो प्रतिशत बढेर ४९ पुगेको छ ।

स्वीस कार्यक्रमले मध्यक्षेत्रमा रहेका क्लस्टर जिल्लाहरूका स्थानीय निकायहरूको जनतालाई सेवा प्रदान गर्ने कार्यको प्रभावकारितालाई बढाउनका लागि पनि योगदान दिएको छः सन् २०१० देखि यता गैह्रलाभान्वित समूहहरूको आवश्यकतालाई पूर्ति गर्नका लागि जिल्ला

[११] उपभोक्ता समिति भनेको नेपाल सरकारले तोकेको प्रकृया अनुरूप कुनै पनि परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन, मर्मतसम्भारका लागि लाभग्राहीहरूले नै गठन गरेको समिति हो ।

[१२] विभेदमा परेको समूहहरू भनेको लिङ्ग, जात/धर्म वा जातिय पहिचानका आधारमा विभेदमा परेका समूहहरू हुन्, जस्तो कि महिला, दलित, गैह्रलाभान्वित जातिय समूहरूहरू (जनजाति) ।

विकास समिति (जिविस) र गाउँ विकास समिति (गाविस) हरूले गरेका बजेट विनियोजन एवं व्यय दोब्बर भएको छ। कर्तव्य निवारकहरू विशेषत: स्थानीय निकायले त्यस्ता समूहहरूबाट आएका गुनासाहरूलाई सम्बोधन गरिएको प्रतिशतमा पनि वृद्धि भएर ६२ प्रतिशतलाई सम्बोधन गरेको पाइएको छ।

शान्ति सम्झौता पश्चातको वार्ता प्रकृयामा स्वीट्जरल्याण्डले उल्लेख्य रूपमा योगदान दिएको थियो र राजनीतिक रूपमा सीमान्तकृत भएका समूहहरूको सक्रिय सहभागितालाई बढावा दिएको थियो भने शान्ति सम्झौता पश्चातको अवधिभरि नै राष्ट्रिय सहजीकरण क्षमतालाई बलियो बनाउन पनि सहयोग प्रदान गरेको थियो। शान्तिनिर्माण, संविधान निर्माण र संघीयतामा भएको स्वीसको विशेषज्ञताले नेपालको संविधान लेखन प्रकृयामा रहेका सम्भावित विकल्पहरू बारेको चिन्तनलाई गुणात्मक बनाउन मद्दत गरेको थियो। नेपाल सरकारले नेतृत्व लिई कार्यान्वयन गरेको एउटा महत्वपूर्ण संयन्त्र नेपाल शान्ति कोषमार्फत नेपालको शान्ति प्रकृयालाई स्वीट्जरल्याण्डले सहयोग प्रदान गरिरहेको छ। विभिन्न दातृ निकायहरूको सहयोग प्राप्त यस कोषले जनमुक्ति सेनाको क्यान्टोनमेन्टको अनुगमन र नेपालमा संयुक्त राष्ट्र संघको मिसन (अनमिन) को प्रस्थान पश्चात् विशेषत: पूर्वलडाकूहरूको समायोजन एवं निवृतिभरण कार्यभार सम्हालेर शान्ति प्रकृयामा नेपालको स्वामित्व एवं नेतृत्वलाई बढाउनका लागि निकै प्रभावकारी साबित भएको छ।

मानव अधिकारको क्षेत्रमा गरिएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरूको नतिजा मिश्रित रहेको छ। स्वीट्जरल्याण्डलगायत विभिन्न पश्चिमा मुलुकहरूले चासो व्यक्त गरे तापनि सन् २०११ को अन्तमा मानव अधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) को कार्यादेश समाप्त गरियो। ओएचसिएचआरले तथ्य पत्ता लगाउने र सचेतना जगाउने महत्वपूर्ण भूमिका खेलेको तथा अनुगमन गर्ने र सरसल्लाह दिने काम गरेको भए तापनि यसले सरकारको आवश्यक सहयोग पाउन सकेन। महत्वपूर्ण वाह्य सहयोग प्रदान गरिएको भए तापनि राष्ट्रिय मानव अधिकार आयोग र

५०००औं झोलुङ्गे पुल ओखलढुङ्गा र खोटाङ्ग जिल्लालाई जोड्दै अमन जोन्छे

नागरिक समाज संस्थाहरूको क्षमता कमजोर रहिआएको छ।

कार्यक्रमको भौगोलिक रूपमा केन्द्रीत हुनाले (विकास र सहकार्यका लागि स्वीस सरकार विकाश सहयोगको लगभग ४० प्रतिशत बजेट स्वीट्जरल्याण्डले सहयोग गरेको दुई वटा क्लस्टर क्षेत्रमा लगानी गरिएको छ) विकास प्रभावकारिता एवं स्वीट्जरल्याण्डको प्रत्यक्षता दुवैलाई बढाएको छ। सम्भव भएसम्म राष्ट्रिय कार्यक्रमहरूसँग संलग्न रही कार्यान्वयन गर्न खोजिएकोले र कार्यक्रम सञ्चालन एवं नीतिगत तहमा भएको अन्तरसम्बन्ध कार्यक्रमको प्रभावकारिता बढाउन तथा कार्यक्रमलाई विस्तार गर्नका लागि मुख्य दुई कारक सिद्ध भएका छन्। एउटा विश्वसनीय साझेदारका रूपमा स्वीट्जरल्याण्डले अन्य विकास साझेदारहरूबाट प्राप्त कोषलाई व्यवस्थापन गरेर आफ्नो प्रभावलाई बढाएको छ। द्वन्द्व-सम्वेदनशील विधि अपनाई कार्य गर्ने भएकाले कार्यक्रमको प्रभावकारिता बढेको छ किनभने यस्तो विधिले स्वीट्जरल्याण्डलाई द्वन्द्व बढ्न नदिने गरी एवं सबै पक्षहरूलाई संलग्न गराई कार्य गर्न सम्भव भएको छ।

४. स्वीस रणनीति २०१३-२०१७ लाई पार्नसक्ने प्रभावहरू

उनीहरूका आमाबुबाले विकेन्द्रिकृत ग्रामीण पूर्वाधार र जिविकोपार्जन कार्यक्रमअन्तर्गतको त्रिवेणी-दुनई खण्डको सडक निर्माणमा काम गरेका थिए ।
जोसेफ जिम्मरम्यान

नेपालमा स्वीस कार्यक्रम दुइटा क्षेत्रमा केन्द्रित छः **१) मानव अधिकारसहितको राज्य निर्माण, मानव सुरक्षा, र विधिको शासन र २) समावेशी सामाजिक र आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह ।** समाजको रूपान्तरणमार्फत विकासको उपलब्धीलाई सुरक्षित गर्न र राज्यको स्थानीय तथा राष्ट्रिय तहमा अझ मजबुत सेवा प्रदान गर्नका लागि केन्द्रित गर्नु महत्वपूर्ण भएकाले यी दुवैको सान्दर्भिकता रहिरहेको छ । यसका साथै, जीविकोपार्जनलाई सुधार गर्नका लागि स्वीट्जरल्याण्डले गरेको लगानीले गर्दा शान्तिनिर्माण तथा मानव अधिकारका निम्ति वकालतका लागि ढोका खोल्दछ र विश्वसनीयता प्रदान गर्दछ । यी प्रयासहरूले लाभग्राहीहरूको राज्यलाई जवाफदेही बनाउने क्षमतालाई बलियो बनाउँदछ । कार्यक्रमले महिला तथा गैह्रलाभान्वित समूहहरूलाई लक्षित गर्ने खालका कार्यलाई निरन्तरता दिन तथा वृहत शान्ति सम्झौता पूर्व विगत र वर्तमानमा भएका मानव अधिकार हनन् बारे पीडितहरूलाई मानव अधिकार बारेको सचेतना बढाउन महत्वपूर्ण हुन्छ । सन्दर्भ विश्लेषणले देखाए झैं हिंसात्मक द्वन्द्वको मूल कारणहरू अझै पनि विद्यमान छन् र पीडितका आवश्यकताहरू सम्बोधन नगरिएमा त्यसले संक्रमणकालिन चरणमा समुदायहरूबीच भएको तनावलाई झन चर्काउन सक्दछ ।

यस कार्यक्रमको सफलता राजनीतिक, सामाजिक तथा आर्थिक विकास प्रत्येकलाई छुट्टाछुट्टै रूपमा सम्बोधन नगरी यी तीनै पक्षबीचको परस्पर सम्बन्धलाई सम्बोधन गर्ने क्षमतामा निर्भर हुन्छ ।

कार्यक्रमलाई भौगोलिक रूपमा केन्द्रित (क्लष्टर पद्धति) गर्नाले निरन्तर भौगोलिक रूपमा ध्यान केन्द्रित गर्न र सहउर्जा प्राप्त गर्न सक्षम बनाउने छ र साथमा स्थानीय कार्य क्षेत्रको अनुभवहरूलाई राष्ट्रिय नीति सम्वादमा समाविष्ट गर्न सकिन्छ ।

सबैभन्दा बढी सहकार्य दुइटा मुख्य स्वीस कार्यक्रम साझेदारहरू स्वीस सरकार विकास सहयोग (एसडीसी) र मानव सुरक्षा डिभिजन (एचएसडी) बीच खोजिने छ, विशेष गरी यस क्षेत्र १ अन्तर्गत प्रतिफलहरू हासिल गर्ने सवालमा । न्याय, हिंसा र विकासको परस्पर प्रभावलाई अझ बढी मध्यनजर गरिने छ । स्थानीय तहमा राज्य निर्माणलाई सशक्तरूपमा दिइने सहयागले कार्यक्रमलाई नेपाल एउटा लोकतान्त्रिक र संघीय गणतन्त्रका रूपमा रूपान्तरण गर्नका लागि अझ सहयोग बढाउन सम्भव हुने छ । द्वन्द्वकालीन मानव अधिकार हननका घटनाहरूलाई सम्बोधन गर्ने गरी गरिने विषयगतरूपमा केन्द्रित मानव अधिकारको क्षेत्रमा गरिने कार्यले महिला र गैह्रलाभान्वित समूहहरूको सशक्तीकरण तथा उनीहरूको गरिबी न्यूनीकरण गर्ने कार्यलाई सघाउ पुऱ्याउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्न पनि योगदान दिने छ ।

नयाँ कार्यक्रमले नेपाली महिला तथा पुरुषहरू आर्थिक अवसर र राज्यले राम्रोसँग सेवा प्रदान गर्ने स्थानहरूमा बसाइसराइ गर्न इच्छुक छन् भन्ने तथ्यलाई अझ बढी ध्यान दिनु आवश्यक छ। अझ बढी आयआर्जनका लागि उत्पादनमुखी परम्परागत कृषि विकासमा मात्र सीमित नभई फसल भित्र्याइए पछिको चरणलाई जोड दिने, उपजको रूपान्तरण र बजारमुखी अवधारणामा जानु आवश्यक छ, जसले आर्थिक कारणले आप्रवासनमा जान चाहनेहरूका लागि विकल्प प्रदान गरोस्। पुल, ग्रामीण सडक र सिंचाइ जस्ता पूर्वाधारको मर्मतसम्भार तथा सीप विकासका लागि तालिम र उद्यमशीलतासम्बन्धीको सीप विकास गर्नका लागि सहयोग र बजार विकासका लागि लगानी गर्नु पनि आवश्यक छ। यसको उद्देश्य भनेको मानिसहरूको मुलुकभित्र र बाहिर उपलब्धीमूलक रोजगारीको अवसरमा हुने पहुँचलाई बढाउनु हो।

नेपालमा विकास कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्नका निम्ति स्वीट्जरल्याण्डका लागि मुख्य संवादक सरकार हो। सम्भव भएसम्म सरकारी पद्धतिहरूलाई मध्यनजर गरिने छ, र विशेष गरी स्थानीय स्तरमा सार्वजनिक निकायका क्षमताहरूलाई बलियो बनाउदै दिगोपन दिन र राम्रा अनुभवहरूलाई विस्तार गर्नका लागि महत्वपूर्ण हुन्छ र त्यसमा पनि विशेषतः सामाजिक सेवाहरू र पूर्वाधार प्रदान गर्ने सवालमा। विशेष गरी संस्थागत शासन र वित्तीय व्यवस्थापनमा केही नागरिक समाज संस्थाहरूको आफ्नै कमीकमजोरीहरू भए तापनि स्वीस कार्यक्रममा नेपाली नागरिक समाज संस्थाहरू महत्वपूर्ण साझेदार हुन्। अतः यी संस्थाहरूले आफ्ना वित्तीय व्यवस्थापनलाई कसरी सुधार गर्दछन् र सार्वजनिक संस्थाबाट नागरिक समाजका साझेदारका रूपमा उल्लेख्य रूपमा बदलिन अघि ती संस्थाहरू क्रमिक रूपमा विकास भइरहेको राजनीतिक अवस्थाबाट कसरी प्रभावित हुन्छन् भनेर हेर्नु महत्वपूर्ण हुन जान्छ।

नेपालको मध्य अवधिको परिदृश्यहरूले कार्यक्रममा पार्ने सम्भावित प्रभावसहित तर्जुमा गरिएको छ (अनुसूची घ)। यी परिदृश्यका लागि कार्यक्रमले गर्ने सम्भावित उपायहरू पनि सूचिकृत गरिएकाछन् (अनुसूची ङ)। यस प्रकार कार्यक्रम कार्यान्वयनमा बदलिदो राजनीतिक तथा सामाजिक-आर्थिक अवस्थाले पार्ने प्रभाव अनुरूप लागू गरिने छ।

दोलखा जिल्लामा गहुँ भित्र्याइदै
नेपालस्थित स्वीटजरल्याण्डको दूतावास

५. प्राथमिकताका क्षेत्र तथा उद्देश्यहरू

क. समग्र लक्ष्य

स्वीस सहयोग रणनीतिको समग्र लक्ष्य भनेको नेपालमा मानव सुरक्षा र विधिको शासनलाई बढावा दिने एउटा समावेशी र लोकतान्त्रिक राज्यका रूपमा रूपान्तरण गर्नका लागि योगदान दिनु र महिला र पुरुष दुवैलाई आफ्नो रोजाइ आफैं गर्न सक्ने बनाउन दिगो रूपमा उनीहरूको अवस्थालाई सुधार गर्नका निम्ति सामाजिक, आर्थिक र राजनीतिक अवसरहरूलाई प्रवर्द्धन गर्नु हो ।

जिल्ला सडक सहयोग कार्यक्रमअन्तर्गत ओखलढुङ्गा सड्कका कामदारहरूलाई भुक्तानी दिइंदै

ख. कार्यक्रमका क्षेत्रहरू

स्वीस कार्यक्रमअन्तर्गत दुइटा अन्तरसम्बन्धित सहयोगका क्षेत्रहरू पर्दछन् । पहिलो क्षेत्र अन्तर्गत, स्वीट्जरल्याण्डले मानव सुरक्षा तथा विधिको शासनको सिद्धान्तमा आधारित भएर प्रभावकारी र समावेशी नेपाली संघीय राज्यका विकासमा योगदान दिन चाहन्छ । दोस्रो क्षेत्रअन्तर्गत स्वीट्जरल्याण्डले जनता र विशेष गरी ग्रामीण र साना शहरी क्षेत्रमा[१३] रहेका गैह्रलाभान्वित समूहका अवस्थामा सुधार गर्न र ती समूहहरूलाई सुदृढ बनाउन चाहन्छ । यसलाई नै प्रारम्भिक विन्दू मानेर कार्यक्रमले नेपालको राजनीतिक र सामाजिक द्वन्द्वबीच सम्बन्ध स्थापित गर्न सफल भएको छ–शान्ति र सुशासनको प्रश्नलाई क्षेत्र १ मा सम्बोधन गरिएको छ, र सामाजिक र आर्थिक द्वन्द्वबीचको अन्तरसम्बन्ध–समतामूलक विकास र गरिबी न्यूनीकरणको प्रश्नलाई–क्षेत्र २ मा सम्बोधन गरिएको छ । अतः यस्तो किसिमको कार्यक्रमको अन्तरसम्बन्धमार्फत स्वीट्जरल्याण्डले विकासको दायरालाई बढाई सुरक्षित बनाउने र नेपालको संक्रमण चरणमा सान्दर्भिक तवरले भूमिका निभाउने परिकल्पना गर्दछ ।

क्षेत्र १: समावेशी संघीय राज्य, मानव सुरक्षा र विधिको शासन

मुलुकभरि नै सकारात्मक राजनीतिक, आर्थिक र सामाजिक विकासका लागि दुवै केन्द्रिय र स्थानीय तहमा प्रभावकारी राज्य संयन्त्रको उपस्थितिलाई पूर्वशर्तका रूपमा लिन सकिन्छ । त्यसमाथि पनि विगतमा भएका सशस्त्र द्वन्द्व र अस्थिर संक्रमणकालिन चरणका कारण हिंसाको संस्कृति अझ विद्यमान छ । दण्डहीनताको कारण हिंसा निरन्तर रूपमा भइरहेकाछन् र यसबाट हुने सामाजिक कुप्रभावलाई सम्बोधन गर्नका लागि निकै कम प्रयास भएको प्रमाणहरू पाइन्छन् । यसका अतिरिक्त घरेलु र लैङ्गिक हिंसाले पनि गम्भीर समस्या खडा गरेका छन् । साराशंमा, नेपालमा विद्यमान आम हिंसाले मानव सुरक्षामा दिइएको जोडलाई निकै सान्दर्भिक बनाउँदछ ।

विगतका दुईटा सहयोग रणनीतिबाट हासिल भएका सिकाइहरूलाई लागू गर्दै र एउटा संघीय राज्यको विभिन्न तहका अन्तरसम्बन्धहरू बारेको

[१३] नेपाल सरकारले मध्यपहाडी क्षेत्रमा १०-२० बजार/शहरको प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ । यी प्रान्तहरूमा शासन, सशक्तीकरण र वातावरणसँग सम्बन्धित कार्यक्रमहरू एकिकृत रूपमा कार्यान्वयन गरिने छ । यद्यपि, जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रमहरू चुनिएका सडक करिडोरले छोएको सबै गाविसहरूमा कार्यान्वयन गरिने छ, जसले आर्थिक वृद्धि/विकासलाई प्रवर्द्धन गर्दछ ।

आफ्नो अनुभवलाई उपयोग गर्दै स्वीट्जरल्याण्डले आफ्ना प्रयासहरूलाई राज्यलाई सुदृढ बनाउनका लागि सहयोग केन्द्रित गर्ने छ, जसमा स्थानीय तह र राष्ट्रिय नीतिनिर्माणमा जोड दिने छ। यसअन्तर्गत स्थानीय विकास रणनीतिहरूलाई तर्जुमा तथा कार्यान्वयन गर्नका लागि सार्वजनिक निकायको क्षमतालाई बढाउने, सहभागितामूलक पद्धतिलाई कार्यान्वयन गर्ने, वित्तीय स्रोतको पारदर्शी तथा जवाफदेही व्यवस्थापन र जनताको माग र आधिकार अनुरूप गुणस्तरीय र पहुँच पुग्ने प्रकारको सार्वजनिक सेवा प्रदान गर्ने कार्य पर्दछन्। विभिन्न प्रकारका हिंसालाई द्वन्द्व संवेदनशील तवरले सम्बोधन गर्नका निम्ति, र हिंसाको जोखिममा परेका र मानव अधिकार हनन्का पीडितहरूलाई न्यायमा पहुँच दिलाउने उद्देश्यले स्थानीय तथा राष्ट्रिय तहमा मानव अधिकार संम्बन्धि संयन्त्र र अभ्यासहरूलाई सदृढ बनाउन स्वीट्जरल्याण्डले कार्यस्थलगतमा भएको आफ्नो उपस्थिति एवं सार्वजनिक तथा नीजि सरोकारवालाहरूसँगको आफ्नो अत्यन्त राम्रो सम्बन्धलाई उपयोग गर्ने छ।

परिणामस्वरूप स्वीस योगदानबाट निम्न, प्रतिफलहरू अपेक्षा गरिएको छ (विस्तृत विवरणका लागि अनुसूची ख हेर्नु होला)

प्रतिफल १.१ राज्य निर्माणः निर्वाचित प्रतिनिधिहरू, निजामती कर्मचारी र नागरिक समाजले संविधान निर्माण एवं राज्य पुनःसंरचना प्रकृयाका साथै स्थानीय तहमा राज्यको संरचना समावेशी र सुव्यवस्थित भएको सुनिश्चित गर्ने छन्।

प्रतिफल १.२ मानव सुरक्षाः सरोकारवालाहरूले द्वन्द्वलाई सम्बोधन गर्न शान्तिपूर्ण उपायको प्रयोग गर्ने छन्, विशेष गरी स्रोत, पहिचान, लिङ्ग र घरेलु मुद्दाहरूलाई सम्बोधन गर्नका लागि।

प्रतिफल १.३ मानव अधिकारः सम्वद्ध राष्ट्रिय संस्थाहरूले प्रभावकारी रूपमा मानव अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने छन्, विशेष गरी दण्डहिनता, विभेद र आप्रवासी तथा शरणार्थीको अवस्थासँग सम्बन्धित विषयहरूमा।

क्षेत्र २: जनताको, र त्यसमा पनि विशेष गरी ग्रामीण तथा साना शहरी क्षेत्रमा बसोबास गर्ने गैह्लाभान्वित समूहहरूको, सुधारिएको जीविकोपार्जन र उनीहरूको बढ्दो पुनःउत्थानशीलता

कार्यक्रमको दोस्रो क्षेत्रमा स्वीट्जरल्याण्डले कृषि उत्पादन तथा ग्रामीण पूर्वाधारमा केन्द्रित विद्यमान कार्यक्रमको पुरकका रूपमा व्यापार-व्यवसायसँग सम्बन्धित सेवा (तालिम, परामर्श) र बजारको पहुँचलाई बढाएर जीविकोपार्जनलाई सुधार गर्ने तथा खाद्य सुरक्षालाई बढाउने कार्यमा मुख्यःतया जोड दिने छ। जमिन, जल र जंगललगायतको प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा कानुन पदत्त प्रयोग गर्ने कार्यलाई सहयोग प्रदान गरिने छ, विशेषगरी कृषि उत्पादनको मूल्य श्रृंखला, फसलपश्चातको पद्धति मार्फत मूल्य अभिबृद्धि गर्ने र बजारीकरणलाई सहयोग प्रदान गरिने छ। स्वीट्जरल्याण्डले नेपाल र विदेशमा लाभदायी रोजगारीका लागि सीप विकासमा पहुँच बढाउने छ र उद्यमशीलताका सीप र बजार विकासलाई रणनीतिक रूपमा जोड दिने छ। दुवै क्षेत्रमा भएका कार्यक्रमबीचको सहकार्यलाई बलियो बनाउन तथा लाभग्राहीहरूले दिगो रूपमा आफ्नो अवस्थालाई सुधार गर्नका निम्ति सम्पूरक जीविकोपार्जनका विकल्पहरू–आर्थिक, सामाजिक र राजनीतिक–प्राप्त गराउनका लागि स्वीट्जरल्याण्डले सडक करिडोर अवधारणालाई निरन्तरता दिने छ। यस अवधरणाअन्तर्गत सडकले छोएका वा वरिपरिका स्थानहरूमा स्वीट्जरल्याण्डले सहयोग गरेको सबै कृयाकलापलाई समन्वय गरिने छ, जुन

सिन्धुली जिल्लामा सडक खन्दै कामदारहरू
जोसेफ जिम्मरम्यान

मानिसहरूका लागि बजार र सार्वजनिक सेवाहरू लिनका लागि स्वभाविक विन्दू हुन जान्छ। यो भौगोलिक केन्द्रित कार्यक्षेत्र रणनीतिको एउटा हिस्सा पनि हो, जुन जिल्लाको प्रशासनिक सिमानाभन्दा पनि सो क्षेत्रको सामाजिक-आर्थिक गतिशीलतालाई ध्यानमा राखेर गरिएको हो।

क्षेत्र २ मा भएका कृयाकलापहरूलाई आप्रवासनको सामाजिक मूल्य र विप्रेषणलाई उत्पादनमूलक रूपमा प्रयोग गर्ने उपायहरूलाई खोजि गर्ने कार्यलाई मध्यनजर गर्दै कार्यान्वयन गरिने छ। सम्बद्ध सरोकारवालाहरू–सरकार, स्थानीय निकाय, नागरिक समाज र नीजि क्षेत्र–को क्षमतालाई अभिवृद्धि गरिने छ ताकि आर्थिक लाभ दिगो हुने छ र जनताले आधारभूत सेवाहरू सन्तोषजनक रूपमा प्राप्त गर्ने छन्। महिला तथा गैह्वलाभान्वित समूहहरूलाई विशेष ध्यान दिइने छ ताकि उनीहरूले उपलब्धीको न्यायोचित हिस्सा प्राप्त गर्ने छन्।

परिणामस्वरूप, निम्न प्रतिफलहरू अपेक्षा गरिएको छ (विस्तृत विवरणका लागि अनुसूची 'ख'मा नतिजा ढाँचा हेर्नु होला)

प्रतिफल २.१ समावेशी सामाजिक-आर्थिक विकासः
गैह्वलाभान्वित समूहहरूले आफ्नो जीविकोपार्जन र पुनःउत्थानशीलतालाई सुधार गर्ने छन्।

प्रतिफल २.२ सार्वजनिक सेवा प्रदानः
(प्रान्तीयलगायत) स्थानीय सरकार र त्यसअन्तर्गतका निकायहरूले महिला र पुरुष र त्यसमा पनि विशेष गरी गैह्वलाभान्वित समूहहरूको आवश्यकता तथा मागका आधारमा आधारभूत सेवाहरू प्रभावकारी रूपमा दिने छन्।

ग. भौगोलिक केन्द्रित कार्यक्षेत्र

मध्य र पश्चिम नेपाल (अनुसूची छ (क)को मानचित्र हेर्नु होला) का दुइटा क्लष्टरमा विशेष प्राथमिकतासहित स्वीस कार्यक्रम मुलुकभरि नै कार्यान्वयन गरिने छ। जीविकोपार्जनसम्बन्धी परियोजनाहरू विशेष गरी गैह्वलाभान्वित समूहहरूलाई आर्थिक अवसर पुग्ने गरी सडक करिडोरले छोएका गाविसहरू (अथवा सम्बन्धित अनुवर्ती स्थानिय प्रशासन संरचनाहरू) मा कार्यान्वयन गरिने छ। सडक करिडोर अवधारणा आफैमा नयाँ अवधारणा नभए तापनि यसले क्लष्टर अवधारणाको महत्वपूर्ण विस्तारलाई अङ्कित गर्दछ, जसलाई स्वीट्जरल्याण्डले निकै वर्षदेखि लागू गरिरहेको छ। गैह्वलाभान्वित समूहहरूलाई जीविकोपार्जनका विविध विकल्पहरूलाई सुनिश्चित गर्न अझ बढी आर्थिक विकास कृयाकलाप र कार्यक्रमहरू र गरिबी न्यूनीकरण रणनीतिबीचको प्रभावकारी सहकार्यको सम्भावनाको विश्लेषणका आधारमा नयाँ सडक करिडोरको छनौट सन् २०१३ मा गरिने छ।

घ. वित्त

नेपालमा स्वीस कार्यक्रम कार्यान्वयन गर्नका लागि कूल बजेट (दक्षिण एशिया विभाग र मानवीय सहयोग (एसडीसी), मानव सुरक्षा विभाग (राजनीतिक निर्देशनालय) र स्वीस गैरसरकारी संस्थाहरूबाट प्राप्त) प्रति वर्ष स्वीस फ्र्याङ्क ३ करोड ५० लाखदेखि ४ करोडको बीचमा हुने छ। दक्षिण एशियाली विभागले नेपालका लागि वार्षिक रूपमा विनियोजन गर्ने रकम क्रमिक रूपमा बढेर ३ करोडदेखि ३ करोड ७० लाख पुग्ने छ। मानवीय सहायता र मानव सुरक्षा डिभिजनले विनियोजन गर्ने रकम आवश्यकतामा आधारित हुन्छ जो क्रमशः स्वीस फ्र्याङ्क १५ लाख र १३ लाख पुग्नसक्छ।

कार्यक्रमको हिसाबले, स्वीट्जरल्याण्डको बजेटको ७६ प्रतिशत समुदायहरूको, र त्यसमा पनि ग्रामीण तथा साना शहरी क्षेत्रहरूमा बसोबास गर्ने गैह्वलाभान्वित समूहहरूको जीविकोपार्जनलाई सुधार गरी उनीहरूको पुनःउत्थानशीलता बढाउन विनियोजन गरिने छ। करिब २० प्रतिशत समावेशी राज्य, मानव सुरक्षा र विधिको शासनका लागि छुट्टयाइएको छ। बाँकी ४ प्रतिशत राष्ट्रिय कर्मचारीहरूको तलब र नेपालमा स्वीस दूतावासको कार्यालय सञ्चालनका लागि खर्च गरिने छ।

६. कार्यक्रम कार्यान्वयन

कार्यक्रमको कार्यान्वयनका लागि निश्चित निर्देशक सिद्धान्तहरू तय गरिएको छ । निम्न निर्देशक सिद्धान्तहरू योजना गरिएका सबै कृयाकलापका हकमा लागू हुने छन् । यी सिद्धान्तहरू गुणस्तरीय र दिगो प्रतिफल हासिल गर्नका लागि अनिवार्य मानिएको छ । तिनले कार्यान्वयनका लागि विधि वा प्रकृया प्रदान गर्दछ, जसलाई नतिजा ढाँचाको अंशका रूपमा अनुगमन तथा आँकलन गरिने छ । (विस्तृत जानकारीका लागि अनुसूची ख हेर्नु होला)

स्वामित्व र एकरूपता: कार्यक्रम कार्यान्वयन गर्नका लागि स्वीट्जरल्याण्डले नीतिगत तथा सञ्चालन तहमा नेपाल सरकार, बहुराष्ट्रिय निकायहरू, स्वीस र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूका साथै स्थानीय नागरिक समाज संस्था र नीजि क्षेत्रसँग कार्य गर्ने छ । नेपाली पात्रहरू, र त्यसमा पनि विशेष गरी स्थानीय र राष्ट्रिय अधिकारीहरूले स्वीट्जरल्याण्डले सहयोग गरेका कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि अझ बढी नेतृत्वदायी भूमिका खेल्नु पर्दछ, जसको परिणामस्वरूप उनीहरूको क्षमता अभिवृद्धि हुन जाओस् । उपयुक्तता अनुरूप स्वीट्जरल्याण्डले आफ्नै कृयाकलापमार्फत प्रत्यक्ष सहयोग प्रदान गर्ने कार्यलाई निरन्तरता दिने छ । विकास समुदायमा दातृ निकायका चुनिएका कार्य समूहका अध्यक्षको हैसियतमा स्वीट्जरल्याण्डले विकासका साझेदारहरूबीच संयुक्त/एकरूपतापूर्ण प्रयासहरू गर्नका लागि योगदान दिन सक्ने छ ।

समता र समावेशीकरण: गरिबी र सामाजिक द्वन्द्वको एउटा मुख्य कारण विभेद र वस्तु तथा सार्वजनिक सेवाहरूको पहुँचमा हुने कमी भएका हुदाँ गैह्रलाभान्वित समूहहरू र लैङ्गिक समानतामा विशेष जोडलाई सुनिश्चित गरिने छ ।

शासन, निष्पक्षता र द्वन्द्व प्रतिको सम्वेदनशीलता: गैह्रलाभान्वित समूहहरूलाई विकासका उपलब्धीहरूको न्यायोचित हिस्सा प्राप्त गर्न समान व्यवहार, सहभागिता, पारदर्शिता र जवाफदेहिता जस्ता सुशासनका सिद्धान्तहरूलाई कार्यक्रममा लागू गरेर कुनै पनि कार्यक्रमको परिप्रेक्षमा सम्बन्धित सरोकारवालाहरूको समावेशितालाई बढावा दिने कार्यलाई हासिल गरिने छ । सबै पक्षले स्वीट्जरल्याण्डलाई विकासको साझेदारका रूपमा स्वीकार गरिरहनका लागि द्वन्द्व सम्वेदनशील भई कार्यक्रम व्यवस्थापन र विशेष गरी निष्पक्ष हुन एकदमै महत्वपूर्ण हुन्छ ।

तालिम पछि राष्ट्रिय सीप प्राप्त प्रमाणपत्रसहित
कोरिन डेमोन्ज

आप्रवासन र विपद् जोखिम न्यूनीकरण: जहाँ सान्दर्भिक हुन्छ, कार्यक्रमहरूलाई बसाइसराइ तथा आप्रवासनले ल्याउने सामाजिक-आर्थिक परिवर्तनलाई मध्यनजर गर्दै समायोजन गरिने छ । जोखिमका साथै दीर्घकालिन खर्च र लाभको अनुपातलाई मध्यनजर गर्दै कार्यक्रमहरूले प्राकृतिक

तथा मानवनिर्मित संकटहरूलाई रोकथाम गर्ने, सामना गर्ने तथा अनुकूलन गर्ने उपायहरू पनि समाविष्ट गरिने छन् ।

नेपाल सामुन्ने विविध राजनीतिक, आर्थिक, वातावरणीय र सामाजिक चुनौतिहरू छन्, जसले गर्दा मुलुक अस्थिर अवस्थामा छ । अतः स्वीस कार्यक्रमको कार्यान्वयन परिवर्तित अवस्थासँगै अनुकूलन गरिने छ । भविष्यमा आउन सक्ने यस्तो परिवर्तनलाई तीनवटा परिदृश्यमा वर्णन गरिएको छ (अनुसूची घ र ङ हेर्नु होला) । प्रस्तुत गरिएका प्रत्येक परिदृश्यले सामान्य प्रवृत्तिको संकेत गर्दछन् । ती परिदृश्यले एकअर्कालाई निषेध गर्दैनन् अथवा सबै सम्भावित विकल्पहरूलाई समेट्दैनन् । अवस्थामा सुधार आएमा, कार्यान्वयन गर्ने साझेदारहरूको क्षमता वृद्धि भएमा र नेपालले मानव अधिकार र विधिको शासनप्रति अझ बढी प्रतिबद्ध भएको अवस्थामा स्वीट्जरल्याण्डलाई आफ्नो कार्यक्रमलाई राष्ट्रिय प्राथमिकतासँग अझ बढी संलग्न गर्न र नेपाल सरकारलाई अन्य विविध अतिरिक्त परियोजनाहरूको जिम्मेवारी सुम्पिन सम्भव हुने छ ।

अवस्थाको जटिलता र कार्यक्रमका लागि उपलब्ध थप वित्तीय स्रोतलाई मध्यनजर गर्दै स्वीस कार्यक्रमको गुणस्तरीयतालाई मुख्यःतया स्थानीय रूपमा सक्षम कर्मचारीहरूलाई नियुक्त गरी सुनिश्चित गरिने छ । यो प्रतिस्पर्धात्मक तलब र तालिम तथा आवश्यकता अनुसार अतिरिक्त कर्मचारी नियुक्त गरेर हासिल गरिने छ, चाहे त्यो कार्यक्रम व्यवस्थापनका लागि होस् या वित्त र प्रशासनका लागि ।

समुदायका सदस्यहरू झोलुङ्गे पुल निर्माण कार्यमा सहभागी हुँदै
झोलुङ्गे पुल उपक्षेत्र कार्यक्रम

७. कार्यक्रम सञ्चालन

निरन्तर तथा सक्रिय मार्गनिर्देशनमार्फत दूतावासको व्यवस्थापन तथा एसडीसीद्वारा सहयोग गरिएका परियोजनाहरूका अगुवाहरूले निम्न कुरा सुनिश्चित गर्ने छन्:

- कार्यक्रममार्फत अपेक्षा गरिएका नतिजामा केन्द्रित रहिरहने
- सहमत भएका सिद्धान्तहरूलाई अविचलित रूपमा लागू गर्ने
- लाभग्राहीहरूको आवश्यकता, सन्दर्भ अथवा कार्यान्वयन गर्ने साझेदारहरूको क्षमतामा आएको परिवर्तनको आधारमा कार्यक्रमको समायोजन वा अनुकूलन गर्ने

स्वीट्जरल्याण्डको दूतावासले सन्दर्भ, कार्यक्रम, स्वामित्व र एकरूपतालाई अनुसूची 'ग' मा वर्णन गरिए झैं अनुगमन गर्ने छ। सन्दर्भलाई अनुगमन गर्नका लागि दूतावासले विश्वव्यापी सन्दर्भ अनुगमन अथवा फिल्डको स्थानीय जोखिम आँकलन जस्ता विविध संयन्त्रहरू प्रयोग गर्ने छ। क्लष्टर कार्यशाला तथा कार्य सञ्चालनका आधारभूत मार्गदर्शन (BOGs) मार्फत पनि सन्दर्भ विश्लेषण गरिने छ। सरकारको सार्वजनिक कोष व्यवस्थापन क्षमतालाई दातृ निकाय समन्वय कार्य समूहको कार्यमा आधारित भएर आँकलन गरिने छ। कार्यक्रमका नतिजा, कार्यान्वयनका विधि वा प्रकृया र दातृ निकायहरूबीचको एकरूपतालाई नतिजा ढाँचाको अनुगमन गरी त्रैमासिक रूपमा तथा वित्तीय प्रतिवद्धता तथा भुक्तानको सामयिक समीक्षा गरी मापन गरिने छ। सरकारको रातो किताब, नेपाल कार्यक्रम कार्यसम्पादन समीक्षा र वैदेशिक सहयोग मञ्चमार्फत स्वामित्वलाई जाँच गरिने छ र अन्तर्राष्ट्रिय विकास साझेदारहरूको समूह बैठकमार्फत सामञ्जस्यतालाई बढावा दिइने छ। अनुगमनको निश्कर्ष र सिकाइलाई कार्यक्रममा निरन्तर रूपमा समाविष्ट गरिने छ। नतिजालाई आँकलन गर्ने कार्यमा बढी जोड दिइने छ।

दूतावासले आफ्नो स्रोतले भ्याएसम्म नेपालमा सक्रिय बहुराष्ट्रिय विकास संस्थाहरू (संयुक्त राष्ट्र संघ, विश्व बैंक, एशियाली विकास बैंक)को गतिविधिलाई अनुगमन गर्ने छ र यी संस्थाहरूको बोर्डमा स्वीट्जरल्याण्ड भएकाले अनुगमनका लागि सल्लाहसुझाव प्रदान गर्ने छ।

यस रणनीतिको कार्यान्वयनको प्रगति अनुगमन गर्नका लागि नेपाल सरकार र स्वीट्जरल्याण्डबीच वार्षिक समीक्षा बैठक आयोजना गरिने छ। नेपाल स्वीस कार्यक्रमको सामान्य प्रकृतिको मध्यावधि समीक्षा सन् २०१५ मा सम्पन्न गरिने छ। यदि त्यति बेला नेपालले नयाँ संविधान जारी गर्‍यो र मुलुकलाई संघीय राज्यमा रूपान्तरण गर्ने प्रकृयाको शुरुवात गर्‍यो भने यस रणनीतिलाई अनुकूलन गर्ने त्यो अहम समय हुने छ। यस मूल्याङ्कनपश्चात मानव सुरक्षा डिभिजनले एशिया प्रशान्त डिभिजन र एसडीसीको सहकार्यमा उसको योगदानको उपयुक्तताको आँकलन गरी आफ्नो योगदानलाई अनुकूलन गर्ने कि नगर्ने निर्णय गरी वर्हिगमण रणनीति परिभाषित गर्ने छ। मानव सुरक्षा डिभिजनको संलग्नतालाई कम गर्ने कुनै पनि निर्णय भएमा त्यस्तो निर्णयसँगै विगतका उपलब्धीहरूलाई सुनिश्चित गर्ने उचित उपायलाई सँगै समावेश गरिने छ। यस समीक्षा र राजनीतिक तथा सामाजिक-आर्थिक सन्दर्भको विकास वा परिवर्तनको आधारमा प्रतिफल र सूचकहरूलाई पुनः परिभाषित गर्न सकिने छ र दीर्घकालिन कार्यक्रम र सहयोगका विकल्पलाई विचार गर्न सकिने छ।

परिशिष्टाङ्क

अनुसूची क:
परिणाम ढाँचा

सहयोगको क्षेत्र १: समावेशी संघीय राज्य, मानव सुरक्षा र विधिको शासनका लागि योगदान		
(१) स्वीस विभागीय कार्यक्रम (पोर्टफोलियो) परिणामहरू	**(२) स्वीस कार्यक्रमको योगदान**	**(३) राष्ट्रिय विकास अथवा मानवीय प्रतिफलहरू**
प्रतिफल कथन १.१ निर्वाचित प्रतिनिधि, निजामती कर्मचारीहरू र नागरिक समाजले संविधान लेखन, निर्वाचन तथा राज्य पुनःसंरचना प्रकृयाका साथै स्थानीय तहका राज्य संरचनाहरू समावेशी र सुव्यवस्थित भएको सुनिश्चित गर्ने छन् । **सूचकहरू** १.१.१ सन् २०१३ को पहिलो त्रैमासिक अवधिमा स्थापित गरिने आधार सर्वेक्षणको[1] आधारमा स्वीट्जरल्याण्डले सहयोग गरेको सहजीकरण संयन्त्र तथा विशेषज्ञताको परिणामस्वरूप संविधान लेखन, शक्ति बाँडफाँड र संक्रमणकाल तथा राज्य पुनःसंरचना बारे समाधान गरिएका राजनीतिक मतभिन्नताका संख्या । १.१.२ पर्यवेक्षकहरूले संविधानसभा निर्वाचन लगायत अन्य निर्वाचनहरू स्वतन्त्र तथा निष्पक्ष भएको ठान्नेछन्; स्वीट्जरल्याण्डले सहयोग गरेका क्लष्टर क्षेत्रमा सहभागिताको स्तर राष्ट्रिय सरदरभन्दा बढी भएको हुने छ । १.१.३ स्वीट्जरल्याण्ड/मानव सुरक्षा डिभिजनले भूमिका खेलेको सुरक्षा क्षेत्र बारेको रणनीतिक छलफलहरूमा सरकार लगायत अन्य सरोकारवाला पात्र/पक्षहरूको संलग्नताको गुणस्तर[2]। १.१.४ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत न्यूनतम शर्त तथा कार्यसम्पादन मापन पुरा गरी आवश्यक अनुदान प्राप्त गर्ने जिल्लाको संख्या	**(१) र (३) बीचको सम्बन्ध** स्वीट्जरल्याण्डले संविधान निर्माण तथा पुनःसंरचना सम्बन्धी राष्ट्रिय स्तरमा भएका मतभिन्नतालाई समाधान गर्न, र नयाँ संविधानले परिकल्पना गरे अनुरूप विभिन्न राज्य संरचना स्थापित गर्न सहयोग गरेर राष्ट्रिय परिणाम हासिल गर्न योगदान दिने छ । स्वीट्जरल्याण्डले आफ्नो सहयोग केन्द्रित गर्ने सवालहरू सन् २०१३ को आधारभूत सर्वेक्षण पछि छनौट गरिने छ । **जोखिमहरू** • संविधान निर्माण, राज्य पुनःसंरचना प्रकृया तथा निर्वाचनमा लामो ढिलाइ (दुई वर्ष वा सोभन्दा बढी) । • संक्रमणकालिन प्रकृयाहरूमा विद्यमान तथा नयाँ दलहरूबीच सहमतिमा पुग्न असफल हुनु । • वित्तीय संघीयतालाई कार्यान्वयन गर्न असफल भएका कारण स्थानीय तहमा रकमको अभाव हुनु । • कुनै एउटा दलले निर्वाचनमा अत्याधिक बहुमत ल्याएर विजयी भए पछि स्वेच्छाचारी शासनपद्धतितिरको बढ्दो प्रवृत्ति । • अत्याधिक राजनीतिकरण र न्यायपालिकाको स्वतन्त्रतामा आँच पुग्ने स्थिति आउनु ।	**प्रतिफल कथन** समावेशी तथा लोकतान्त्रिक संविधान जारी भएको हुने छ । नयाँ संवैधानिक राज्य संरचनाहरू स्थापित भइरहेको हुने छ । मानव तथा वित्तीय स्रोतहरू सहमत भएका संवैधानिक प्राधिकार र जिम्मेवारी अनुरूप वितरण गरिएको हुने छ । परिणामलाई निम्न मुख्य अभिलेखबाट लिइएको छ: वृहत शान्ति सम्झौता (२००६), अन्तरिम संविधान (२००७), त्रिवर्षीय योजना सन् २०११-२०१३ । **सूचकहरू** • संविधान जारी भएको हुने छ । • दुवै राष्ट्रिय तथा प्रान्तीय तहमा राज्य पुनःसंरचनासँग सम्बन्धित विवादित सवालहरूको उचित तथा गुणस्तरीय समाधान । • राष्ट्रिय सुरक्षा नीति बारेको गुणस्तरीय बहस एवं सहमति । • सबै तहमा हुने निर्वाचनको गुणस्तर । • गाविसहरूको न्यूनतम् शर्त र कार्यसम्पादन मापनका लागि कार्यसम्पादनका सूचकहरूको प्रयोग । • सार्वजनिक सुनुवाइ/लेखा जस्ता जवाफदेहिताका औजारहरूलाई संस्थागत गरेका स्थानीय निकायका संख्या (सन् २०१० को आधारभूत सर्वेक्षणमा ६ वटा जिविसले गरेको) ।
प्रतिफल कथन १.२ सरोकारवालाहरूले द्वन्द्वलाई सम्बोधन गर्न शान्तिपूर्ण उपायको प्रयोग गर्ने छन्, विशेष गरी स्रोत, पहिचान, लिङ्ग र घरेलु हिंसा सम्बन्धित मुद्दाहरूमा ।	**(१) र (३) बीचको सम्बन्ध** राष्ट्रिय (अन्ततः प्रान्तीय) तथा स्थानीय तह, र त्यसमा पनि विशेष गरी स्वीट्जरल्याण्डले सहयोग गरेका क्लष्टरहरूमा भएका सम्भावित तथा विद्यमान द्वन्द्वहरूलाई रोकथाम गर्न परिलक्षित सहजीकरण तथा आवश्यकता अनुरूप मध्यस्थतामार्फत स्वीट्जरल्याण्डले राष्ट्रिय परिणाम हासिल गर्न योगदान दिने छ ।	नेपाली समाजले घरेलु तथा लैङ्गिक द्वन्द्वहरूलाई बढ्दो क्रममा अहिंसात्मक तवरले समाधान गर्ने छ । (शान्ति मन्त्रालय तथ्यांङ्क)

[1] राजनीतिक मतभिन्नताहरूलाई राष्ट्रिय प्रतिफलका लागि वहाँहरूले गर्ने सहयोगका आधारमा पहिचान गरिने छ । मुख्य सरोकारवालाहरूले अनुरोध गरेमा स्वीट्जरल्याण्डले सहयोगका विकल्पहरूलाई आँकलन गर्ने छ र प्रत्येक कार्यक्रमको शुरुमा आधार अवस्थालाई परिभाषित गर्ने छ । त्रैमासिक रूपमा अनुगमन गरिने छ ।

[2] गुणस्तर: स्पष्ट सरकारी नीति, स्रोतहरूको उपलब्धता, सरकार र सान्दर्भिक कर्ताहरूबीच भएको संस्थागत बैठकहरूको संख्या

सहयोगको क्षेत्र १: समावेशी संघीय राज्य, मानव सुरक्षा र विधिको शासनका लागि योगदान

सूचकहरू

१.२.१ स्वीस (मानव सुरक्षा डिभिजन)ले सहयोग गरेको सहजीकरणमार्फत (राजनीतिक तथा सामुदायिक अगुवाहरू) द्वन्द्व अथवा सम्भावित द्वन्द्व सम्बोधन गर्नका लागि मुख्य सरोकारवालाहरूद्वारा गरिएको अनुरोधको संख्या एवं सफलतापूर्वक सम्बोधन गरिएका द्वन्द्व अथवा सम्भावित द्वन्द्वको प्रतिशत ।

१.२.२ सन् २०१३ मा गरिएको आधार सर्वेक्षणको तुलनामा स्वीट्जरल्याण्डले सहयोग गरेको क्लष्टर क्षेत्रहरूमा द्वन्द्वसँग सम्बन्धित घटनाहरूमा २० प्रतिशतले कमी ।

१.२.३ सुरक्षा परिषद् महासन्धीहरू १३२५ र १८२० (महिला र शान्ति) सँग सम्बन्धित राष्ट्रिय कार्य योजनाको मुख्य अंशहरूको कार्यान्वयन[३]।

१.२.४ स्वीट्जरल्याण्डले सहयोग गरेको क्लष्टर क्षेत्रहरूमा घरेलु तथा लैङ्गिक हिंसाका घटनाहरूको उजूरीको संख्यामा वृद्धि (५%/वर्ष) भएको तथा सम्बोधन गरिएको (१०%/वर्ष) ।

जोखिमहरू

अल्पसंख्यक समूहसँग सम्बन्धित बढ्दो तनाव, जसले सशस्त्र द्वन्द्वलाई पुनरुत्थान गर्न सक्दछ ।

नयाँ संघीय संरचनामा स्रोत विनियोजन बारे स्पष्टताको कमी र विवाद ।

सूचकहरू

- कम गरिएका तथा मध्यस्थस्ता गरिएका द्वन्द्व तथा सम्भावित द्वन्द्वको संख्या (शान्ति तथा पुनर्स्थापना मन्त्रालयको तथ्याङ्क) ।
- सुरक्षा परिषद् महासन्धीहरू १३२५ र १८२० को कार्यान्वयनको स्तर (महिला र शान्ति) ।
- जिल्ला प्रहरी कार्यालय तथा अर्धन्यायिक समितिहरूमा घरेलु लैङ्गिक हिंसाका घटनाहरू उजुरी दर्तामा वृद्धि ।

प्रतिफल कथन १.३

सम्बद्ध राष्ट्रिय संस्थाहरूले प्रभावकारी रूपमा मानव अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने छन्, विशेष गरी दण्डहिनता, विभेद र आप्रवासी तथा शरणार्थीको अवस्थासँग सम्बन्धित विषयहरूमा ।

(१) र (३) बीचको सम्बन्ध

स्वीट्जरल्याण्डले सहयोग गरेको क्लष्टरहरूमा (मानव अधिकार, दण्डहिनता तथा विभेदसँग सम्बन्धित) निश्चित सवाल वा विषयहरूमा केन्द्रित भई तथा राष्ट्रिय संस्थाहरूलाई सबल बनाई स्वीट्जरल्याण्डले राष्ट्रिय परिणाम हासिल गर्न योगदान पुऱ्याउने छ ।

प्रतिफल कथन

सम्बद्ध सरोकारवालाहरूले (राज्य, मानव अधिकार र नागरिक समाज संस्थाहरू) अझ बढ्दो रूपमा

- अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डलाई पालना तथा कार्यान्वयन गर्ने छन्,
- मानव अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने छन्,
- द्वन्द्वसँग सम्बन्धित मानव अधिकार हनन्का घटनाहरूलाई सम्बोधन गर्नेछन्,

सूचकहरू

१.३.१ शरणार्थी, आप्रवासन, दण्डहिनता र संक्रमणकालिन न्यायको संयन्त्र जस्ता क्षेत्रसँग सम्बन्धित विश्वव्यापी आवधिक समीक्षाका सिफारिशहरूको कार्यान्वयन (विश्वव्यापी आवधिक समीक्षा सन् २०११) सन् २०१५ को विश्वव्यापी आवधिक समीक्षाका सुझावहरू स्वीकार गरिने

१.३.२ मानव अधिकारका घटनाहरू (मानवीय कानुन, विभेद, संक्रमणकालिन न्याय, द्वन्द्वकालीन मानव अधिकार हनन्, आदि)लाई संयुक्त राष्ट्र संघको मानव अधिकार समिति (कम्तीमा १० वटा लाक्षणिक मुद्दा), र राष्ट्रिय न्यायपालिका तथा नागरिक समाजद्वारा प्रभावकारी रूपमा सम्बोधन

१.३.३ आप्रवासी कामदार तथा थुनामा रहेका मानिसहरूका लागि कानुनी परामर्श, कानुनी सहायतामा प्रति वर्ष १० प्रतिशतको वृद्धि ।

१.३.४ राष्ट्रिय मानव अधिकार आयोग, अन्य सम्बद्ध राष्ट्रिय निकायहरू र नागरिक समाजले दिएका सिफारिशहरूलाई सरकारले कार्यान्वयन गरेको संख्या ।

जोखिमहरू

- राजनीतिक इच्छाशक्तिको कमी; न्यायालयबाट मुद्दाहरू फिर्ता लिनका निम्ति राजनीतिक दलहरू मिल्नु, आयोगहरूको राजनीतिकरण, संक्रमणकालिन चरणमा विश्वव्यापी आवधिक समीक्षाको सिफारिशको सुस्त कार्यान्वयन ।
- विगतमा ल्याइएका विधेयकहरू अनुमोदन नहुनु र न्याय दिलाउनुको सट्टा राजनीतिक दलहरूले "मेलमिलाप" मा जोड दिनु ।
- आप्रवासीका अधिकारलाई मानव अधिकार समुदाय तथा सरकारले मानव अधिकारका रूपमा स्वीकार गर्न तथा सम्बोधन गर्न अनिच्छुक हुनु ।

सूचकहरू

- स्वीकार गरिएका विश्वव्यापी आवधिक समीक्षा सिफारिशको कार्यान्वयनको प्रतिशत (२०११) र विश्वव्यापी प्रगति समीक्षा स्वीकार गरिएको प्रतिशत (२०१५) ।
- हस्ताक्षर गरिएको अथवा अनुमोदन गरिएको नयाँ अन्तर्राष्ट्रिय मानव अधिकारका सम्झौताहरू (अन्तर्राष्ट्रिय अपराध अदालत लगायत) को संख्या ।
- अनुमोदन गरिएका अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड अनुरूप राष्ट्रिय न्यायलयले सम्बोधन गरेका मानव अधिकारका लाक्षणीक मुद्दाका संख्या ।
- संक्रमणकालिन न्याय संयन्त्र र राष्ट्रिय मानव अधिकार आयोगको प्रभाव (सरकारले कार्यान्वयन गरेका सिफारिशको प्रतिशत) ।

सहयोगका दिशा (स्वीस कार्यक्रम)

प्रतिफल १.१ *राज्य निर्माण:* राजनीतिक सम्वाद सहजीकरणका लागि सहयोग । राज्य निर्माण तथा संक्रमणकालिन संयन्त्र (जस्तो कि वित्तीय संघीयता) सम्बन्धी विशेषज्ञताको व्यवस्था र (प्रान्तीय तहलगायत) स्थानीय तहमा संस्थाहरू, क्षमता र नियमन स्थापना गर्न सहयोग गर्ने । नागरिक समाजद्वारा स्थानीय तहमा (सामाजिक जवाफदेहिताका औजारहरू) गरिने निगरानीलाई अनुगमन गर्ने तथा सुदृढ बनाउने । संक्रमणकालिन चरणमा समावेशी तथा प्रभावकारी नीति कार्यान्वयनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकायहरूलाई सहयोग गर्ने । ***निर्वाचन:*** निर्वाचनको तयारी तथा पर्यवेक्षणका लागि (अन्तर्राष्ट्रिय तथा नागरिक समाज), राष्ट्रिय निर्वाचन आयोग र मतदाता दर्ताका लागि सहयोग गरिने छ । स्थानीय द्वन्द्व न्यूनीकरण संयन्त्र, र संघीय संरचनामा जनताको अधिकारको अभ्यास गर्ने लगायत निर्वाचनमा स्वीट्जरल्याण्डले सहयोग गरेको क्षेत्रका जनताले सक्रिय रूपमा निर्वाचनमा सहभागी हुन सकून् भन्नका लागि सहयोग प्रदान गर्ने । ***राष्ट्रिय सुरक्षा नीति:*** अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप राष्ट्रिय सुरक्षा नीति बारे छलफल गर्न तथा मस्यौदा पारित गर्नका लागि राष्ट्रिय सुरक्षा नीतिका लागि जिम्मेवार राष्ट्रिय संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने । ***राजनीतिक दलहरू:*** सहभागितामूलक तथा समावेशी नेतृत्व प्रकृयालाई सबल बनाउनका लागि मागमा आधारित भएर केही राजनीतिक दलहरूसँग कार्य गर्ने ।

[३] मुख्य अंशहरू १) राजनीतिक दलहरू र निवार्चनहरूमा महिलाको प्रतिनिधित्व, २) यौनिक तथा लिङ्गमा आधारित हिंसा, ३) निशुल्क: औषधीउपचार, मनोसामाजिक परामर्श र न्यायिक सहायतामा महिलाको पहुँच, ४) नागरिकता लगायत महत्वपूर्ण प्रमाणपत्रहरूमा महिलाको पहुँच हुन् ।

सहयोगको क्षेत्र १: समावेशी संघीय राज्य, मानव सुरक्षा र विधिको शासनका लागि योगदान

प्रतिफल १.२ आधारभूत अध्ययन गर्ने तथा द्वन्द्व पर्यवेक्षण संयन्त्रहरूलाई सबल बनाउने । मागको आधारमा चुनिएका केही स्थानहरूमा सम्प्रादायिक तथा पहिचानमा आधारित हिंसालाई सम्बोधन गर्ने सहजीकरण तथा मध्यस्थता संयन्त्रलाई सबल बनाउने । समुदाय, पहिचानमा आधारित र स्रोतसँग सम्बन्धित द्वन्द्वहरूसँग सम्बन्धित हिंसाहरूलाई कम गर्न तथा सम्बोधन गर्नका लागि नागरिक समाज (सम्वेदनशील बनाउने, राज्यसँग लविङ्ग गर्ने) लाई सहयोग गर्ने । सुरक्षा परिषद्को महासन्धीहरू १३२५ र १८२० (महिला र शान्ति) को कार्यान्वयनका लागि स्वीट्जरल्याण्डले थप लाभ पुऱ्याउन सक्ने मुख्य क्षेत्रमा सहयोग गर्ने । स्वीट्जरल्याण्डले सहयोग गरेका क्लष्टरहरूमा घरेलु तथा लैङ्गिक हिंसाहरूलाई कम गर्न तथा सम्बोधन गर्नका निम्ति (महिला अधिकार रक्षकलगायत) नागरिक समाज संस्थाहरूलाई सबल बनाउने । सशस्त्र हिंसाः सशस्त्र हिंसालाई सम्बोधन गर्नका लागि राज्य तथा नागरिक समाज संस्थाहरूलाई सहयोग गर्ने ।

प्रतिफल १.३ विश्वव्यापी आवधिक समीक्षा प्रकृयालाई सहयोग तथा अनुगमन गर्ने (नागरिक समाजसमेतद्वारा) । मानव अधिकार रक्षकलगायत सान्दर्भिक नागरिक समाजका पात्रहरूलाई सबल बनाउने । आप्रवासीको अधिकारलाई बढ्दो क्रममा मानव अधिकारका रूपमा मान्यता दिई सोहि अनुरूप व्यवहार सुनिश्चित गराउनका लागि प्रयास गर्ने । सम्बद्ध राष्ट्रिय संस्थाहरू तथा आयोगहरू (राष्ट्रिय मानव अधिकार आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएकाहरू सम्बन्धी आयोग र अन्य सान्दर्भिक भएका) को क्षमता अभिवृद्धि गर्ने । विगतसँग सम्बन्धित घटना/संक्रमणकालिन न्यायसँग सम्बन्धित राष्ट्रिय तथा गैरसरकारी प्रयासहरूलाई सहयोग गर्ने । राष्ट्रिय ऐनकानुन र संयन्त्रहरू प्रभावकारी भएका तथा अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड अनुरूप भएको सुनिश्चित गर्नका लागि सान्दर्भिक पात्रहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने । शरणार्थीको अवस्थासँग सम्बन्धित सन् १९५१ को जेनेभा महासन्धी, अन्तर्राष्ट्रिय फौजदारी न्यायालय, बलजफतीपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको सुरक्षासम्बन्धी सन् २००६ को न्यूयोर्क अन्तर्राष्ट्रिय महासन्धी लगायतका सन्धीहरूमा विशेष जोड दिई नेपाल तथा स्वीट्जरल्याण्डबीच मानव अधिकार बारे सम्वाद गर्ने ।

५) स्रोतहरू, साझेदारीहरू (स्वीस कार्यक्रम)

कार्यक्रमको यस अंशका लागि खर्च गरिने कुल वित्तीय स्रोत स्वीस फ्र्याङ्क ३ करोड ९० लाख पुग्दछ, जसमा दक्षिण एशिया डिभिजनबाट (३ करोड २५ लाख) र मानव सुरक्षा डिभिजनबाट (६५ लाख) प्राप्त हुने छ । मुख्य साझेदारहरू संघीय मामिला तथा स्थानीय विकास र सामान्य प्रशासन मन्त्रालय, जिल्ला विकास समितिहरू, गृह मन्त्रालय, संयुक्त राष्ट्र संघ विकास कार्यक्रम, शरणार्थीका लागि राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय, नेपालस्थित संयुक्त राष्ट्रसंङ्घीय मानवअधिकार कार्यालय (उच्चायुक्तको कार्यालय) तथा चुनिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू ।

सहयोगको क्षेत्र २: जनता, र त्यसमा पनि विशेष गरी ग्रामीण तथा साना शहरी क्षेत्रमा बसोबास गर्ने गैह्रलाभान्वित समूहहरूको सुधारिएको जीविकोपार्जन र उनीहरूको बढ्दो पुनःउत्थानशीलता

(१) स्वीस विभागीय कार्यक्रम (पोर्टफोलियो) प्रतिफलहरू	(२) स्वीस कार्यक्रमको योगदान	(३) राष्ट्रिय विकास अथवा मानवीय परिणाम
प्रतिफल कथन २.१[४] गैह्रलाभान्वित समूहहरूले आफ्नो जीविकोपार्जन र पुनःउत्थानशीलतालाई सुधार गर्ने छन् ।	**(१) र (३) बीचको सम्बन्ध** चुनिएका क्लष्टर क्षेत्रमा (यातायात, पूर्वाधार, वन, कृषि र सीप जस्ता) चुनिएका क्षेत्रगत नीतिहरूसँग जोडेर स्वीस विभागीय प्रतिफलले राष्ट्रिय प्रतिफल हासिल गर्न योगदान दिने छ ।	**परिणाम वाक्य** गैह्रलाभान्वित समूहहरूको उत्पादनमूलक सम्पत्ति र रोजगारीका सुधारिएको अवसरमा पहुँच हुने छ ।
सूचकहरू २.१.१ स्वीस विकास कार्यक्रमबाट लाभान्वित हुने सबै जनताहरूमध्ये कम्तीमा • ६० प्रतिशत गैह्रलाभान्वित समूहहरू हुने छन् । • ५० प्रतिशत महिला हुने छन् । २.१.२ केन्द्रित कार्य क्षेत्र/क्लष्टर क्षेत्रको खाद्य सुरक्षामा २५ प्रतिशतले सुधार आउने छ [५]। २.१.३ एक करोड बीस लाख व्यक्ति-दिन बराबरको अल्पकालिन रोजगारी (ग्रामीण पूर्वाधारमार्फत एक करोड व्यक्ति-दिन बराबरको, वनमार्फत बीस लाख व्यक्ति-दिन बराबरको) २.१.४ २५,००० युवाले सीपमूलक तालिम लिए पछि कम्तीमा छ महिनाका लागि लाभदायी रूपमा रोजगारी पाउनेछन् । २.१.५ ७५ प्रतिशत उपभोक्ता समितिहरूको कार्यकारी बोर्डमा कम्तीमा एकतिहाइ महिला र अन्य विभेदमा परेका समूहहरूको समानुपातिक रूपमा प्रतिनिधित्व हुने छ [६]। २.१.६ ६ जिल्लामा आप्रवासनको सामाजिक मूल्यलाई सम्बोधन गर्नका लागि मनोसामाजिक रेफरल पद्धति स्थापित हुने छन् । २.१.७ अन्य छिमेकी समुदायको तुलनामा स्वीट्जरल्याण्डले सहयोग गरेको क्षेत्रका समुदायहरूले वाह्य विपदहरू (राजनीतिक, आर्थिक, प्राकृतिक विपद्हरू) लाई प्रतिरोध गर्दै आफ्नो जीविकोपार्जनलाई कायम गर्ने छन् ।	**जोखिम/चुनौतिहरू** • राजनीतिक अन्यौलताले निरन्तरता पाउने छ अवथा स्थिति अझ खराब हुने छ, जसले गर्दा राष्ट्रिय साझेदारलाई शान्तिसुरक्षा कायम गर्न कठिन हुने छ, बजेट ल्याउन तथा राष्ट्रिय योजना तर्जुमा गर्न ढिलाइ हुने छ र कुनै पनि विकास कृयाकलापको कार्यान्वयन प्रभावकारी रूपमा हुने छैन । • सुरक्षाको जोखिम तथा शान्तिसुरक्षाको स्थिति कमजोर हुने छ, जसले गर्दा स्वीस कार्यक्रमको विस्तारलाई खुम्च्याइदिने छ । • सामाजिक समावेशिताको एजेण्डा अवरुद्ध हुने छ, र नयाँ अध्यादेशहरूले यसलाई ध्यान दिने छैनन्, जसले पद्धतीय वहिष्करणलाई निरन्तरता दिने छ ।	**सूचकहरू** • प्रतिव्यक्ति आयमा वृद्धि (सन् २०११ मा प्रति वर्ष प्रतिव्यक्ति आय अमेरिकी डलर ४७२ थियो) । • कूल गार्हस्थ्य उत्पादन/कूल राष्ट्रिय उत्पादनमा वृद्धि । • गिनी कोफिसियन्टमा कमी (सन् २०११ मा ०.३५) । • समग्र रोजगारीको स्थितिमा सुधार । • क्षेत्रीय/राष्ट्रिय सरदरको अन्तरमा कमी ।

[४] यस परिणामले (आन्तरिक) आवतजावत, आप्रवासन र प्राकृतिक विपद् जस्ता कुरालाई मध्यनजर गर्ने छ ।

[५] यस ढाँचाको उद्देश्यका लागि खाद्य सुरक्षालाई अझ बढी उत्पादन र आयका आधारमा मापन/परिभाषित गरिने छ । यसलाई सडक करिडोरले छोएको नमुना गाविसमा गरिबीको अवस्थामा कमी आएकोमानिसहरूको संख्यामा आएको कमी (प्रतिशतमा) मापन गरिने छ ।

[६] हामीले गैह्रलाभान्वित समूहरूहरूका हितमा हुने विभिन्न निर्णयहरूलाई पनि आँकलन गर्नेछौं, जस्तो कि निणर्य गर्ने निकायहरूमा गैह्रलाभान्वित समूहहरू र महिलाहरूको प्रभाव/आवाजका लागि ।

(१) स्वीस विभागीय कार्यक्रम (पोर्टफोलियो) प्रतिफलहरू	(२) स्वीस कार्यक्रमको योगदान	(३) राष्ट्रिय विकास अथवा मानवीय परिणाम
प्रतिफल कथन २.२ क्लष्टर क्षेत्रका (प्रान्तीय सरकारलगायत) स्थानीय सरकार र सम्बद्ध निकायहरूले महिला तथा पुरुष, र त्यसमा पनि विशेष गरी गैह्रलाभान्वित समूहहरूको आश्यकता र मागको आधारमा प्रभावकारी रूपमा आधारभूत सेवाहरू प्रदान गर्ने छन् ।	**(१) र (३) बीचको सम्बन्ध** स्वीस लगानीको परिणामले क्षेत्र १ मा उल्लेख गरिएको स्थानीय राज्य निर्माणसँग सम्बन्ध कायम गरेर र मुख्यःतया चुनिएका क्लष्टर क्षेत्रमा मुलुकको वा राष्ट्रिय प्रतिफललाई हासिल गर्न योगदान दिने छ ।	**प्रतिफल कथन २** स्थानीय सरकार र त्यस अन्तर्गतका निकायहरूले समावेशी तवरबाट आधारभूत सेवाहरू प्रभावकारी रूपमा प्रदान गर्ने छन् ।
सूचकहरू २.२.१ प्रान्तीय तथा स्थानीय सरकारहरू तथा त्यस अन्तर्गतका निकायहरूद्वारा प्रदान गरिएका आधारभूत सेवाहरूबाट (पहुँच, कृषि प्रसार सेवा, वन, समाज कल्याण, जल, स्वास्थ्य, शिक्षा) सबै सेवा प्रापकहरूमध्ये ६० प्रतिशतले पाएका सेवाहरूबाट सन्तुष्ट हुने छन् । २.२.२ सबै जिविस र कम्तीमा ७० प्रतिशत गाविसहरूले (स्थापित भइसकेपछिका प्रान्तहरूसमेत) सहमत भएका वा स्वीकृत भएका निर्देशिका बमोजिम योजना तर्जुमा गरी खर्च गर्ने छन् । २.२.३ सार्वजनिक सुनुवाइ र लेखा परिक्षणमा गैह्रलाभान्वित समूहहरूको पक्षमा गरिएका ७५ प्रतिशत प्रतिबद्धता सम्बोधन वा पुरा गरिएको । २.२.४ स्वीस क्लष्टरका सबै ७ वटा जिल्ला तथा ५० प्रतिशत गाविसहरूले (प्रान्तीय सरकारलगायत) प्राकृतिक विपद्लाई[७] सम्बोधन गर्नका लागि योजना तयार गरेको हुने छन् ।	**जोखिम/चुनौतिहरू** • संघीय प्रान्तहरू र स्थानीय सरकार स्थापना हुनमा ढिलाइ (निकै लामो), जसले गर्दा अन्यौलता तथा कार्य गर्नका लागि प्रशासनको मनोबलमा गिरावट । • विकेन्द्रीकरण तथा स्थानीय सरकारमा अख्तियारी तथा जिम्मेवारी प्रत्यायोजन विरोधी ढाँचागत शर्तहरू	**सूचकहरू** आवधिक योजना तयार गरिरहेका स्थानीय सरकारहरूको संख्या (तथ्याङ्क ७५ मध्ये १६ जिविस) • स्थानीय योजना प्रकृयामा सहभागी महिलाहरूको प्रतिशत (तथ्याङ्क सन् २०१० मा १२ प्रतिशत) । • समाज कल्याण सुविधा प्राप्त गर्ने जनताको संख्या (सन् २०१० मा दश लाख) । • स्थानीय निकायले राष्ट्रिय तथा प्रान्तीय प्रावधान अनुरूप लक्षित कार्यक्रमका लागि विनियोजन गरी खर्च गरेका स्थानीय निकायका प्रतिशतमा ।

सहयोगका दिशा (स्वीस कार्यक्रम)

- मुख्यःतया भौतिक निर्माण र विपद् प्रतिरोधक ग्रामीण पूर्वाधारको मर्मतसम्भार मार्फत आय, अवसरहरू र आवतजावतको पहुँचमा सुधार ल्याउने ।
- मूल्य श्रृखला, बजारीकरण र फसलपश्चातको पद्धतिमा जोड दिई जमिन, जल र वन जस्ता प्राकृतिक स्रोतहरूमा पहुँच, व्यवस्थापन तथा दिगो प्रयोगका लागि सहयोग प्रदान गर्ने ।
- सीप विकास तथा लाभदायी रोजगारीमा पहुँच वृद्धि गर्ने ।
- सन्तोषजनक र प्रभावकारी सेवा प्रदान गर्नका लागि सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने (लाभग्राही, नीजि क्षेत्र, गैरसराकारी संस्था र सरकारी निकाय) ।

स्रोत, साझेदारी (स्वीस कार्यक्रम)

सन् २०१३-१७ को अवधिमा कार्यक्रमको यस हिस्साले योजना गरिएको बजेटको (स्वीस फ्रयाङ्क १४ करोड ५० लाख) ७६ प्रतिशत खपत गर्ने अपेक्षा गरिएको छ । स्वीस दूतावासले सन्तुलित वैदेशिक सहायता विधिलाई अपनाउने छ जसले अन्य विकास साझेदारहरू र नेपाल सरकारबाट थप रकम प्राप्त हुन सक्ने सम्भावनालाई पनि मध्यनजर गर्ने छ ।

मानव संसाधन

स्वीस र राष्ट्रिय कर्मचारीको टोलीले स्वीस कार्यक्रम कार्यान्वयन गर्ने छन् । दूतावासले विकास कार्यक्रमका लागि विभागीय कार्यक्रम (पोर्टफोलियो) व्यवस्थापन अवधारणालाई लागू गर्ने छ र राष्ट्रिय कार्यक्रम अधिकृतहरूको भूमिकालाई परियोजना विभागीय कार्यक्रम (पोर्टफोलियो) व्यवस्थापकका रूपमा बढावा दिने छ । राष्ट्रिय स्तरमा मानव संसाधन व्यवस्थापनका लागि कर्मचारीमा विविधतालाई एउटा प्रमुख प्राथमिकता मानिने छ ।

कार्यान्वयन विधि (वाह्य): शान्ति सुदृढीकरण र गरिबी न्यूनीकरणका लागि प्रभावकारी वैदेशिक सहयोगमा योगदान

रणनीतिक प्रतिफलहरू	स्वीस वैदेशिक सहायता विधिको सफलताको सूचक
प्रतिफल ३.१ परिदृश्य १ अथवा २ कायम भइन्जेलसम्म नेपाली पात्रहरू जस्तै स्थानीय तथा राष्ट्रिय निकाय, नागरिक समाज र नीजि क्षेत्रले स्वीट्जरल्याण्डले सहयोग गरेका परियोजनाहरू कार्यान्वयन गर्नका लागि अझ बढी भूमिका निभाउने छन् ।	३.१.१ परिदृश्य १ वा २ कायम रहेसम्म स्वीट्जरल्याण्डले सहयोग गरेको नेपाली पात्रहरूले (राज्य, नागरिक समाज, नीजि क्षेत्र) कार्यान्वयन गरेका परियोजनाहरूमा (परियोजनाको संख्या र वित्तीय स्रोतको परिमाण) सन् २०१२ को आधाररेखाको तुलनामा २० प्रतिशतले वृद्धि । ३.१.२ स्वीट्जरल्याण्डले सहयोग प्रदान गरेको वित्तीय स्रोतको ९० प्रतिशत नेपाल सरकारको रातो र नीलो किताबमा उल्लेख हुनेछ । ३.१.३ स्वीट्जरल्याण्डले सहयोग गरेको क्लष्टर जिल्लाहरूमा नेपाल सरकार र दातृ निकायका कार्यक्रमहरूमा समन्वय र सामञ्जस्यता गरिएको हुने छ र क्षेत्रगत नीतिहरूमा स्वीट्जरल्याण्डका असल अभ्यासहरू प्रतिविम्बित हुने छन् ।

[७] सचेतना र क्षमताको निर्माण लगायत, तथा सान्दर्भिक योजना भएको, सान्दर्भिक संस्थागत व्यवस्थाहरू र खाद्यान्न सामानहरूको भण्डारण । (एचएसडी मानविय सहयोग बजेटको उपलब्धता भएको अवस्था) ।

रणनीतिक प्रतिफलहरू	स्वीस वैदेशिक सहायता विधिको सफलताको सूचक
प्रतिफल ३.२ स्वीट्जरल्याण्डले प्रवर्द्धन गरेको नीति तथा पद्धतिहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूले ग्रहण गर्ने छन् ।	३.२.१ साझेदारहरूले स्वीट्जरल्याण्डले सहयोग गरेको कार्यक्रमका कम्तीमा ५ वटा असल अभ्यासहरूलाई ग्रहण गर्ने छन् (प्रति वर्ष एउटा) । ३.२.२ विकासको वातावरण सुदृढ बनाउनका लागि सरकार, राजनीतिक दलहरू र अन्य समूहहरूले कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन (BOGs) लाई अनुमोदन गरी त्यसको सम्मान गर्ने छन् । सन् २०१२ को आधाररेखाको तुलनामा सरकारी पात्रहरू र राजनीतिक दलहरूबाट हुने BOGs उल्लघंनको संख्यामा १० प्रतिशतले कमी हुने छ । ३.२.३ सरकारअन्तर्गतका संस्थाहरू, स्थानीय निकाय र अन्य साझेदार संस्थाहरूले कर्मचारी समूहमा विविधता ल्याउनका लागि समावेशी मानव संसाधन व्यवस्थापन नीतिलाई स्वीकार गरी कार्यान्वयन गरेको हुनेछ ।
प्रतिफल ३.३ कार्यक्रमहरूलाई प्रभावकारी तथा समावेशी बनाउन विकास साझेदारहरूले अर्थपूर्ण समन्वय र सामञ्जस्यता कायम गरेको सुनिश्चित गर्ने ।	३.३.१ नेपालमा कार्यक्रम सञ्चालन गर्ने नयाँ अन्तर्राष्ट्रिय विकास साझेदारहरूले आफ्ना कार्यक्रमहरूमा कार्यक्रम सञ्चालनका आधाभूत मार्गदर्शन (BOGs) र द्वन्द्व सम्वेदनशील कार्यक्रम व्यवस्थापनका सिद्धान्तहरूलाई लागू गरेको हुनेछ । जिल्ला/प्रान्तहरूमा अर्धवार्षिक कार्यक्रमहरूमार्फत फिल्डमा BOGs बारे सम्प्रेषण गरिएको हुनेछ । ३.३.२ स्वीस विशेषज्ञताको तीन वटा क्षेत्रमा दातृ निकायको समन्वयका लागि स्वीट्जरल्याण्डले सहजीकरण/नेतृत्व गरेको हुनेछ । सम्भावित क्षेत्रहरू निम्न छन्: ग्रामीण पूर्वाधार, वन, कृषि, आप्रवासन, सीप । ३.३.३ सरकारअन्तर्गतका संस्थाहरू, स्थानीय निकाय र अन्य साझेदार संस्थाहरूले कर्मचारीमा विविधता ल्याउनका लागि समावेशी मानव संसाधन व्यवस्थापन नीतिलाई स्वीकार गरी कार्यान्वयन गरेको हुनेछ ।

सहयोगका दिशा

- कार्यक्रम कार्यान्वयन गर्नका लागि सार्वजनिक र नीजि क्षेत्रका साझेदार संस्थाहरूको क्षमता अभिवृद्धि साथै नेपाली सरोकारवालाहरूको प्रणालीहरूको सबलीकरण । राष्ट्रिय निकाय वा अधिकारीहरूसँग कार्यक्रम कृयाकलापको आवधिक समीक्षा ।
- लक्षित गर्ने र कर्मचारीमा विविधता जस्ता निर्देशिका तथा अवधारणाहरूलाई लागू गर्नका लागि परियोजना तथा कार्यक्रम कर्मचारी र विकास साझेदारहरूको क्षमता अभिवृद्धि गर्ने । विशेष गरी वित्तीय जोखिम विश्लेषण गर्ने संयन्त्रलाई सबल बनाई लागू गर्ने ।
- कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शनको महत्व बारे स्थायी तथा सक्रिय सचेतीकरण, विशेष गरी निर्वाचन अघिको अवधिमा ।
- अन्तर्राष्ट्रिय विकास साझेदारहरूको समूह बैठकहरू र चूनिएका कार्य समूहहरूमा सक्रिय सहभागिता । सान्दर्भिकता अनूसार स्वीट्जरल्याण्डको विशेषज्ञता भएका क्षेत्रहरूमा नेतृत्व लिने ।
- कार्यान्वयन विधिको आवधिक समीक्षा: वैदेशिक मामलाको संघीय विभागका विभिन्न सरोकारवालाहरूद्वारा विभिन्न कार्यविधि वा अवधारणाहरू र वैदेशिक सहायता विधिहरू बारे आन्तरिक अभिमुखीकरण, चिन्तनमनन् र ग्रहण ।

स्रोतहरू

- तोकिएको परियोजनाहरूमा निश्चित बजेट तथा साना कार्यमार्फत वित्तीय स्रोत ।
- स्वीस दुतावास/कार्यक्रम टोली उच्च क्षमतावान मानवीय स्रोत ।

कार्यान्वयन विधि (आन्तरिक): उच्च गुणस्तरको कार्यक्रम कार्यान्वयन र परिणामहरू बारे अभिमुखीकरणका साथै द्वन्द्वप्रति सम्वेदनशील हुने कुरालाई सुनिश्चित गर्ने ।

रणनीतिक प्रतिफल स्वीस सहयोग रणनीति सन् २०१३-१७	सफलताको सूचक
प्रतिफल ४.१ समन्वय गरिएको स्वीस कार्यक्रममार्फत गैह्रलाभान्वित समूहहरूले जीविकोपार्जनको विभिन्न विकल्पहरूको लाभ लिएका हुने छन् ।	४.१.१ स्वीस क्लष्टर क्षेत्रमा एसडीसीले सहयोग गरेका सबै परियोजनाहरूले लक्षित गर्नका लागि समान विधि प्रयोग गर्ने छन् (जस्तैः एउटै सम्पन्नता मापन प्रयोग गर्ने) । ४.१.२ कम्तीमा ७० प्रतिशत स्वीस सहयोगमा सञ्चालित परियोजनाहरूले निर्देशन र अनुगमन औजारका रूपमा कोष प्रवाह विश्लेषणलाई प्रयोग गर्ने छन्, जसमा गैह्रलाभान्वित समूह र महिलाहरूलाई रकम विनियोजन बढाउने कार्यमा विशेष जोड हुने छ । ४.१.३ सडक करिडोर र त्यसको छेउछाउमा बस्ने कम्तीमा ६० प्रतिशत गैह्रलाभान्वित समूहहरूले स्वीसले सहयोग गरेका परियोजनाहरूबाट दुई वा सोभन्दा बढी जीविकोपार्जनका विकल्पहरू प्राप्त गर्ने छन् ।
प्रतिफल ४.२ स्वीट्जरल्याण्डले सहयोग गरेको कार्यक्रमअन्तर्गतका परियोजनाहरूले: • एसडीसीको अन्तर्सम्बन्धित विषयहरूलाई लागू गर्ने छन् र लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई लागू गर्ने छन् • द्वन्द्व सम्वेदनशील तवरले कार्य गर्ने छन् ।	४.२.१ सबै परियोजनाहरूले परियोजना अवधि भर एसडीसीको अन्तर्सम्बन्धित विषयहरू, लैङ्गिक समता र सामाजिक समावेशीकरण (GESI) र द्वन्द्व सम्वेदनशील कार्यक्रम व्यवस्थापनलाई मूलप्रवाहीकरण गरेको हुने छन् र लक्षित गर्ने तथा कर्मचारीमा विविधता अवधारणा प्रवर्द्धन गर्ने छन् । ४.२.२ सबै परियाजनाहरूले सामाञ्जस्य सुरक्षा व्यवस्थापन पद्धति अपनाएको हुने छन् ।

रणनीतिक प्रतिफल स्वीस सहयोग रणनीति सन् २०१३-१७	सफलताको सूचक
प्रतिफल ४.३ सिकाइलाई आत्मसाथ गर्ने संस्थाका रूपमा दूतावासले भएका सिकाइ तथा प्राप्त भएका अनुभवको आधारमा आफ्नो ज्ञान व्यवस्थापन र अभ्यासलाई समायोजन गर्ने छ ।	४.३.१ परिवेश आँकलन, लैङ्गिक समता र सामाजिक समावेशीकरण/मूलप्रवाहीकरण, गैह्रलाभान्वित समूहलाई परिलक्षित गर्ने, कर्मचारी विविधीकरण, सार्वजनिक सुनुवाई/लेखापरीक्षण, कोष प्रवाह विश्लेषण र सामाजिक परिचालन जस्ता विषय बारेको ज्ञान र अनुभवहरूलाई अभिलेखीकरण र वितराण गरिएको हुने र ८० प्रतिशत कार्यक्रमहरूलाई समेटेको हुनु पर्ने । ४.३.२ स्वीट्जरल्याण्डले सहयोग गरेको सबै परियोजनाहरूले सिकाइ सत्र तथा अनुभवको आदानप्रदान कार्यक्रम आयोजना गर्ने छन् वा त्यसमा सहभागी हुने छन् । ४.३.३ कम्तीमा एसडीसीको तीन वटा विषयगत सञ्जालमा दूतावास संलग्न हुने छ । विषयगत सञ्जालहरूले नेपाल कार्यक्रमलाई सहयोग गरेका केसको संख्या । विषयगत सञ्जालहरूसँग आदानप्रदान गरिएका नेपालका अनुभवहरूको संख्या ।
परिणाम ४.४ दूतावास, लाभग्राही र स्थानीय संस्थाहरूले स्वीट्जरल्याण्डले सहयोग गरेका क्षेत्रमा सान्दर्भिक अवस्थामा (जोखिमको प्रकृति र सम्भाव्यता, लागत लाभ अनुपात) सम्भावित संकट तथा जलवायु परिवर्तनको प्रभावलाई रोकथाम गर्न, सामाना गर्न र अनुकूलन गर्न सक्षम हुने छन् ।	४.४.१ प्राकृतिक जोखिम र जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको कम्तीमा पाँच वटा जिल्ला स्तरीय नक्शाङ्कन गरिएको । ४.४.२ संकटको अवस्थालाई सामना गर्नका लागि दूतावास तथा स्वीट्जरल्याण्डले सहयोग गरेको परियोजनाहरूको तयारीको अवस्थालाई अझ बढाउनका निम्ति कम्तीमा ५ (वर्षमा एउटा) संकट व्यवस्थापन अभ्यास सञ्चालन गरिएको हुने ।
प्रतिफल ४.५ सान्दर्भिक अवस्थामा स्वीट्जरल्याण्डले सहयोग गरेको कार्यक्रमहरूले बसाइसराइ तथा आप्रवासनले ल्याउने सामाजिक-आर्थिक परिवर्तनसँग अनुकूलन गरेको हुने छन् ।	४.५.१ सबै सञ्चालनमा रहेका स्वीस सहयोगका परियोजनाहरू र सबै नयाँ पहलहरूले आप्रवासनको प्रभावलाई विश्लेषण गरिएको हुने र उपयुक्तता हेरी आफ्ना परिणामका योजना, प्रतिफल र कृयाकलापहरूमा आप्रवासनलाई समायोजन गरिएको हुने ।

कार्यान्वयनको दिशा

- सूचना र तथ्याङ्क उपलब्ध नभएको अवस्थामा आधारभूत अध्ययन गर्ने ।
- यस परिणाम ढाँचाको आवश्यकतालाई पुरा गर्न पर्याप्त सुचना संकलित भई प्रशोधन गरिएको सुनिश्चित गर्न परियोजना एवं दूतावासको अनुगमन पद्धतिलाई अनुकूलन गर्ने ।
- निर्देशिका तथा साधनहरूलाई लागू गर्न परियोजना तथा कार्यक्रमका कर्मचारी र साझेदारहरूको क्षमता विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयन गर्नका लागि नेपाली सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि तथा उनीहरूको पद्धतिलाई मजबुत बनाउने ।
- आवधिक क्लष्टर कार्यशाला तथा मासिक समन्वय बैठकहरू गर्ने ।
- अन्तर्राष्ट्रिय विकासका साझेदारहरूको कार्य समूहमा सान्दर्भिक भए सक्रिय सहभागिता गर्ने ।
- क्षेत्रगत तहमा स्वीस कार्यक्रमको प्रभावलाई अनुगमन तथा अभिलेखीकरण र भविष्यका लागि सिकाइहरू निक्यौंल गर्नका लागि निर्दिष्ट कार्यक्रम गर्ने ।
- कार्यविधि वा अवधारणाहरूको आवधिक समीक्षा गर्ने ।
- स्वीस विदेश मामिला सम्बन्धी संघीय विभागका विभिन्न सरोकारवालाहरूद्वारा विभिन्न कार्यविधि वा अवधारणा र वैदेशिक सहायता विधिहरू बारे आन्तरिक अभिमुखीकरण, चिन्तनमनन् र अनुकूलन ।

स्रोतहरू

- परियोजनाहरूमा दिइएका निश्चित बजेट सीमा तथा साना कार्यमार्फत वित्तीय स्रोत ।
- विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन जस्ता नयाँ आयामहरूलाई समाविष्ट गर्न प्राविधिक परामर्श ।
- क्षमता अभिवृद्धि भएका मानव संसाधनमा वृद्धि ।

अनुसूची खः

स्वीस सहयोग रणनीति २०१३-१७ को अनुगमन प्रणाली

स्वीस सहयोग रणनीति २०१३-१७ को अनुगमन गर्नका लागि निम्न औजारको प्रयोग गरिने छ ।

सन्दर्भ		कार्यक्रम	दातृ निकाय सामञ्जस्यता तथा आबद्धता
संघमा	त्रैमासिक सन्दर्भ अनुगमन संयन्त्र	अनुगमन व्यूहः (म्याट्रिक्स) मार्फत निगरानी, जसले स्वीस दूतावासको तहमा प्रत्येक तीन महिनामा स्वीस सहयोग रणनीति २०१३-१७ को रणनीतिक ढाँचाको अंशहरू र कार्यान्वयन विधिहरूलाई समीक्षा गर्दछ ।	
	फिल्ड स्तरमा त्रैमासिक स्थानीय जोखिम आँकलन		
	फिल्डमा अर्धवार्षिक क्लष्टर कार्यशाला		रातो किताब, नेपाल विभागीय कार्यक्रम (पोर्टफोलियो) कार्यसम्पादन समीक्षा र वैदेशिक सहायता व्यवस्थापन मञ्चमा ताकेता गर्ने जसले सरकारको औपचारिक विकास सहयोगको अनुगमन पद्धतिमा स्वीट्जरल्याण्डको सूचना प्रतिविम्बित भएको सुनिश्चित गर्ने छ ।
	कार्य सञ्चालनका आधारभूत मार्गदर्शनबैठकहरू समेतमार्फत अन्य साझेदारहरूसँग मिलेर विकासको वातावरणको संयुक्त आँकलन	वार्षिक अनुगमन तथा रिपोर्टिङ्ग सन् २०१५मा मध्यकालिन समीक्षा	पाक्षिक रूपमा अन्तर्राष्ट्रिय विकास साझेदार समूहको बैठक क्षेत्रगत समन्वय

अनुगमन गर्ने मुख्य अवधिहरू

	मासिक	त्रैमासिक	त्रैमासिक	अर्धवार्षिक	वार्षिक	मध्यकालिन
संघमाहरू	कार्य सञ्चालनका आधारभूत मार्गदर्शन बैठकहरू तथा क्षेत्रगत समन्वयसमेतमार्फत अन्य साझेदारहरूसँग मिलेर विकासको वातावरणको संयुक्त आँकलन	स्थानीय जोखिम आँकलन	स्वीस सहयोग रणनीतिको सन्दर्भ अनुगमन संयन्त्रमार्फत समीक्षा अनुगमन व्यूहः (म्याट्रिक्स)	क्लष्टर कार्यशाला	रातो किताब, नेपाल विभागीय कार्यक्रम (पोर्टफोलियो) कार्यसम्पादन समीक्षा र वैदेशिक सहायता व्यवस्थापन मञ्चमा ताकेता गर्ने स्वीस सहयोग रणनीतिको व्यूहः (म्याट्रिक्स) वार्षिक अनुगमन तथा रिपोर्टिङ्ग	स्वीस सहयोग रणनीतिको सन् २०१५ मा मध्यकालिन समीक्षा

यसका अतिरिक्त अनुगमनले निम्न कुराहरूलाई पनि मध्यनजर गर्ने छः

- विशेषगरी प्रतिफल अनुगमन सारांशमार्फत प्रतिफलहरूलाई निर्क्योल गर्ने प्रयासहरू जारी रहँदारहँदै अनुगमन पद्धतिले त्यसभन्दा पनि पर गएर लाभग्राहीहरूको जीवनस्तरमा स्वीस कार्यक्रमको दीर्घकालिन प्रभाव पनि आँकलन गर्ने छ । यस रणनीति कार्यान्वयनको चौथो वा पाँचौ वर्षतिर (छ्यानिएका सडक करिडोरमा) प्रभाव आँकलन गर्ने योजना बनाइने छ ।
- राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलगायतका सरकारी समकक्षी र सम्भवत सोहि क्षेत्रका अन्य विकास साझेदारहरू सम्मिलित गरी वार्षिक अनुगमन भ्रमणलाई समावेश गरिने छ ।
- स्वीस सहयोग रणनीति २०१३-१७ लाई सरकारको गरिबी अनुगमन र विश्लेषण पद्धति र जिल्ला गरिबी अनुगमन र विश्लेषण पद्धतिसँग जोड्ने सम्भावनालाई खोजिने छ ।
- परियोजनाहरूको अनुगमन तथा रिपोर्टिङ्ग पद्धतिलाई स्वीस सहयोग रणनीति २०१३-१७ को अनुगमन पद्धतिसँग मिलान गर्ने, जसले कर्मचारीमा विविधता, गैह्रलाभान्वित समूहलाई लक्षित गर्ने कार्य, लैङ्गिक तथ्याङ्क र कोष प्रवाह विश्लेषणमा जोड दिन्छ ।

अनुसूची ग:

सन् २०१३-१७ का सम्भावित परिदृश्यहरू

संविधान सभाको अनपेक्षित विफलताले सन् २०१२ मे महिनामा नयाँ संविधान जारी गर्न नसके पछि गम्भीर संवैधानिक संकट तथा व्यापक अनिश्चितताको अवस्था ल्यायो । वृहत शान्ति सम्झौता र अन्तरिम संविधान दुई मात्र सान्दर्भिक अभिलेख रहेका छन्, तर ती दुवैले समाधानका लागि मुश्किलले दिशा निर्देश गर्न सक्दछन् । विभेदहरूलाई सम्बोधन गर्ने कि नगर्ने र यदि गर्ने भने कसरी गर्ने भन्ने प्रश्न, जसले संविधान बारे सहमत हुन असम्भव बनायो, भविष्यका लागि पनि यो सबैभन्दा कठिन कार्य हुने छ । यी अनिश्चितता यी परिदृश्यहरूमा प्रतिविम्वित छन्; यद्यपि मुख्य विवादित विषयहरूमा सम्झौता भई संक्रमणकाल चाँडै समाप्त हुने सम्भावना पनि छ । तर राजनीति कायम रहने निर्णयप्रक्रिया, अर्थतन्त्र र सामाजिक सद्भावमा नै नाटकीय परिणाम हुने गरी लामो समयसम्म गतिरोधको सम्भावना पनि त्यति कै छ ।

२०१३-१७ अवधिका लागि परिदृश्य

१. लोकतान्त्रिक संघीय गणतन्त्रमा समावेशी संक्रमण	२. विलम्बित संक्रमणकाल सरकारको फेरबदल, अशान्ति	३. संकटसहितको स्वेच्छाचारी शासन
राजनीतिक मुद्दाहरू • लोकतान्त्रिक रूपमा निर्वाचित नयाँ र समावेशी संविधान सभा र/अथवा संसद । • सन् २००८-१२ प्रक्रियामा आधारित द्रुत र समावेशी संविधान निर्माण प्रक्रिया । • आगामी दुई वर्षभित्र संविधान जारी (सन् २०१४ को वर्षायामसम्ममा) र त्यसलाई केन्द्रिय तथा स्थानीय स्तरका जनसंख्याको विभिन्न समूहहरूले सकारात्मक रूपमा स्वीकार गर्ने छन् । • सहमतिय राजनीति विद्यमान हुन्छ (सहमतिको सरकार, मुख्य राजनीतिक दलहरूको रचनात्मक सहकार्य) । • सन् २०१५ अघि स्वतन्त्र तथा स्वच्छ रूपमा राष्ट्रिय र स्थानीय निकायको निर्वाचन सम्पन्न हुन्छ । प्रान्तीय तथा स्थानीय सरकार सञ्चालनमा आउँछ । • माओवादी पूर्वलडाकूहरूको नेपाली सेना वा सुरक्षा फौजमा सफलताका साथ समायोजनका साथै चाँडै सेवानिवृत्त हुने प्रक्रिया सम्पन्न । • नयाँ राष्ट्रिय सुरक्षा नीतिको अनुमोदन ।	**राजनीतिक मुद्दाहरू** • संविधाननिर्माण प्रक्रियालाई प्रभावित पार्ने गरी नयाँ संविधान सभा निर्वाचन वा संसद बारे राजनीतिक दलहरूबीच सहमतिमा पुनमा ढिलाइ हुनु । • संविधान निर्माणलाई अन्तिम रूप दिने गैरसमावेसी प्रक्रिया । • प्रतिस्पर्धात्मक राजनीति र ध्रुवीकरणको स्थिति आउनु । गैरसमावेसी सरकारहरू गठन हुनु । • अप्रिल सन् २०१३ अघि संविधान सभाको वा अन्य निर्वाचन सम्पन्न नहुनु । • सन् २०१४ को वर्षा मौसम अघि संविधान जारी नहुनु । • निर्वाचनमा जनताको न्यून सहभागिता, निर्वाचनको परिणाम स्वतन्त्र र स्वच्छ नभएको भनेर त्यसलाई चुनौति गरिनु । • क्षेत्र वा पहिचानमा आधारित नयाँ दलहरूको प्रादूर्भाव । राजनीतिक दलहरूबीच फुट जसले राजनीतिक सहमति हासिल गर्न अझ कठिन बनाइदिन्छ । • सन् २०१७को अवधिसम्म स्थानीय निकायमा निर्वाचित प्रतिनिधिहरू नहुनु । • सुरक्षा फौजको प्रभाव बढ्नु ।	**राजनीतिक मुद्दाहरू** • निरंकुश शासन, प्रान्त र नगरपालिकाहरूमा अधिकारको प्रत्यायोजन कम हुनु वा हुँदै नहुनु । • समिति वा आयोगद्वारा नयाँ संविधान लेखिनु, तर राजनीतिक तथा सामाजिक समूहहरूले त्यसलाई विवादमा ल्याउनु, नयाँ संविधानको विषयवस्तु बारे समहती नहुनु । • निर्वाचन स्वच्छ र स्वतन्त्र नहुनु वा हुँदै नहुनु । • व्यवस्थापिका संसद समावेशी नहुनु । • राजनीतिक दलहरूबीच गम्भीर ध्रुवीकरण हुनु, दमन गरिनु । • मध्यकालिन विकाससम्बन्धी नीति स्वीकृत नहुनु वा सो बारे योजना नगरिनु, नयाँ मुख्य कार्यक्रमहरूमा सार्वजनिक लगानी नहुनु । • स्थानीय निकाय (मुख्यता गाविस) क्रियाशील नहुनु वा विवादित हुनु, घटदो सेवा प्रदान । • सुरक्षा फौजमाथि लोकतान्त्रिक निगरानी नहुनु ।

१. लोकतान्त्रिक संघीय गणतन्त्रमा समावेशी संक्रमण	२. विलम्बित संक्रमणकाल सरकारको फेरबदल, अशान्ति	३. संकटसहितको स्वेच्छाचारी शासन
सामाजिक मुद्दाहरू • क्षेत्रीय, जातिय तथा धार्मिक चिराहरू हिंसात्मक द्वन्द्वमा परिणत हुँदैनन् । • जनता र राजनीतिक दलबीचको विश्वास पुनर्स्थापित हुन्छ, राजनीतिक नेताहरूको वैधतामा वृद्धि हुन्छ । • नीतिनिर्माणमा लैङ्गिक र सामाजिक समावेशीकरणलाई बढ्दो रूपमा ध्यान दिइन्छ । • राजनीतिक रूपमा वा अपराधिक कृयाकलापमा उच्चत घटकहरूले युवालाई प्रयोग गरी हिंसा चर्काउदैनन् । • आप्रवासीको अधिकारसहित विधिको शासन तथा मानव अधिकारको अझ बढी सम्मान गरिन्छ । प्रेस स्वतन्त्रतालाई चुनौति दिइदैन । • सरकारले अतिरिक्त अन्तर्राष्ट्रिय मानव अधिकारका प्रावधानलाई अंगिकार गरी तिनको सम्मान गर्दछ । • विगतमा भएका मानव अधिकार हनन्का घटनालाई सरकारले प्रभावकारी रूपमा सम्बोधन गर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्ड अनुरूप संक्रमणकालिन न्यायका लागि संस्था र संयन्त्रहरू स्थापित हुन्छन् । • सरकारले दातृ निकाय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू माथिको नियन्त्रण बढाए तापनि अन्तर्राष्ट्रिय समुदायसँग खुला र सुमधुर सम्बन्ध कायम गर्दछ ।	**सामाजिक मुद्दाहरू** • महिला र गैह्रलाभान्वित समूहहरू अझ बढी वहिष्कृत हुन्छन् तथा विभेदमा पर्दछन् । • सेवा प्रदान गर्ने कार्यमा हुने कमीकमजोरीले निरन्तरता पाउने छ, सार्वजनिक बजेट खपत गर्ने क्षमतामा कमी हुने छ । • सुषुप्त अवस्थामा रहेको हिंसासहित बढ्दो अशान्ति तथा साम्प्रदायिक तनाव । • विवादित विधिको शासन, भ्रष्टाचारमा वृद्धि । • मानव अधिकार तथा लैङ्गिक हिंसाको निरन्तरता, दण्डहिनता संस्थागत हुने । • विगतमा भएका मानव अधिकारका हनन्का घटनाहरूमा आममाफी, संक्रमणकालिन न्याय प्रकृया नहुनु । • कानुन तथा संस्थाहरू कमजोर हुनु । • सरकार तथा राजनीतिक रूपमा आवद्ध समूहहरूबाट नागरिक समाज तथा मिडिया दवावमा रहनु । • अन्तर्राष्ट्रिय समुदायसँग अप्ठ्यारो सम्बन्ध ।	**सामाजिक मुद्दाहरू** • विभेदमा परेका समूहहरूको सिमान्तीकरणमा वृद्धि । • साम्प्रदायिक हिंसामा वृद्धि, युवाहरू झन् झन् बढी हिंसात्मक भिडन्तहरूमा संलग्न हुनु । • मोफसलका स्थानहरूमा बन्द, विरोध र हिंसा (सशस्त्रसहित) द्वन्द्वको संख्यामा वृद्धि हुनु । • राजनीतिक दलहरूले आफ्ना प्रयोजनका लागि विकासका लागि विनियोजन गरिएको बजेट करकापबाट प्राप्त गर्नु । • कानुनी तथा संस्थागत असुरक्षा, प्राकृतिक वा मानव सिर्जित विपद्का लागि तयार रहने र सामना गर्ने क्षमतामा कमी । • विधिको शासन नहुनु, मानव अधिकारको हनन्को घटनामा वृद्धि, आममाफी । • नागरिक समाज र त्यसमा पनि विशेषत: अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र मिडियालाई बन्देज लगाइनु, धरपकड र गैरकानुनी हत्या । • अन्तर्राष्ट्रिय समुदायसँग अति समस्याग्रत सम्बन्ध ।
अर्थतन्त्र • नीजि क्षेत्रमा बढ्दो लगानी । मुलुकमा समुचित रोजगारीको अवसरमा वृद्धि हुन्छ । • जनताबीच समतामूलक वितरणसहित प्रतिवर्ष ५ प्रतिशत माथिको आर्थिक वृद्धि । • आर्थिक वृद्धि तथा बलियो वित्तीय नीतिको परिणामस्वरूप सार्वजनिक स्रोतमा वृद्धि, वृद्धि भएको स्रोतको केही हिस्सा विकासका लागि सार्वजनिक लगानीका निम्ति छुट्याइन्छ । **सम्भावना: न्यून**	**अर्थतन्त्र** • बजेट विवादित बन्नु, समयमा स्वीकृत नहुनु र विकासका लागि सरकारी बजेट कम हुनु । • आर्थिक सुधारमा ढिलाइ । • आर्थिक वृद्धि ४ प्रतिशतभन्दा कम, आर्थिक धुवीकरण, पर्यटक आउने संख्यामा गिरावट । • तीव्र गतिमा आर्थिक आप्रवासन । • बजेट विवादित बन्नु, समयमा स्वीकृत नहुनु र विकासका लागि सरकारी बजेट कम हुनु । **सम्भावना: उच्च**	**अर्थतन्त्र** • आर्थिक सुधार नुहुनु, शहरी क्षेत्र, भारत र अन्य मुलुकमा तीव्र रूपमा आप्रवासन । • वित्तीय पुँजी भारतमा पलायन हुनु, सार्वजनिक वा नीजि लगानीका लागि कम स्रोत हुनु । • आर्थिक वृद्धि हुँदै नहुनु वा कम हुनु, आर्थिक धुवीकरण तीव्र गतिमा वृद्धि हुनु । **सम्भावना: न्यून**

अनुसूची घः

परिदृश्य अनुरूप कार्यक्रमको अनुकूलन

यी परिदृश्यहरूमा प्रस्तावित अनुकूलन निम्न तर्कमा आधारित छन्:

यहाँ वर्णन गरिएको योजना **परिदृश्य २** को सन्दर्भमा आधारित छ (विलम्बित संक्रमणकाल, सरकारको फेरबदल)

यदि अवस्थामा उल्लेख्य रूपमा सुधार आएको खण्डमा र **परिदृश्य १** लागू भएमा, सार्वजनिक वित्तीय व्यवस्थापनको गुणस्तरलाई सुधार गर्ने उपायहरूसहित नेपाल सरकार र स्थानीय तथा केन्द्रिय तहका सार्वजनिक संस्थाहरूको प्रयासलाई सहयोग गर्दै र कोषलाई सार्वजनिक व्यय संयन्त्रमार्फत प्रवाह गर्दै स्वीट्जरल्याण्डले ती निकायहरूसँग अझ राम्रोसँग सहकार्य गर्न सम्भव हुने छ।

सबै प्रयासका बाबजूत पनि अवस्था खराब भएर गएको खण्डमा र **परिदृश्य ३** लागू हुने अवस्था आएमा जनतालाई सेवा प्रदान गर्ने र राज्यका निकायलाई जवाफदेही बनाउने नागरिक समाजको भूमिकालाई सबल बनाउदै स्वीट्जरल्याण्डले नागरिक समाजसँग बढी नजिक भएर कार्य गर्न तयार हुनु पर्ने छ। स्वीस कार्यक्रमको प्राथमिकताको क्षेत्रहरूमा स्थानीय निकायहरूले राम्रोसँग काम गरेमा र सबैका लागि सार्वजनिक सेवा प्रदान गर्ने उद्देश्य राखी स्थानीय विकास कार्यक्रमका लागि असल राजनीतिक इच्छाशक्ति प्रदर्शित गरेमा, स्वीट्जरल्याण्डले राज्यको स्थानीय तहमा सहयोग प्रदान गर्ने कुरालाई मनन् गर्न सक्ने छ। सन् १९९६-२००६ को सशस्त्र द्वन्द्व कालको अनुभवले के देखाएको छ भने तनाव र हिंसा बढेको अवस्थामा कार्यक्रम व्यवस्थापनको खर्च बढेर जान्छ (जस्तो कि सुरक्षा खर्च) र नेपाली साझेदारहरूको खर्च गर्ने क्षमतामा कमी आउछ, जसको फलस्वरूप समग्र स्वीस लगानीको मात्रा अनिश्चित हुन्छ। राजनीतिक रूपमा सम्वेदनशील परियोजनाहरूको योजना गर्न तथा कार्यान्वयन गर्न कठिन हुने हुँदा स्वीस कार्यक्रमले सामाजिक र सञ्चारका पूर्वाधारका कार्यक्रमहरू र कृषि विकास र आप्रवासीहरूलाई सहयोग गर्ने जस्ता "तटस्थ" कार्यक्रमहरूमा जोड दिनु पर्ने हुन सक्दछ।

परिदृश्य १ लोकतान्त्रिक संघीय गणतन्त्रतिरको समावेशी संक्रमण	**परिदृश्य २** विलम्बित संक्रमणकाल सरकारको फेरबदल	**परिदृश्य ३** संकटसहितको निरंकुश शासन
कार्यक्रम कार्यान्वयनको क्षेत्र १: समावेशी संघीय राज्य, मानव सुरक्षा र विधिको शासनमा योगदान		
परिदृश्य १ को अवस्थामा समग्र अनुकूलन • सरकारी प्राथमिकताहरूमा अझ बढी दातृ निकायहरूको सामञ्जस्यता तथा समन्वय। • वैदेशिक सहायताको विधिः राज्य कोष वा स्थानीय निकायहरूको खातामा स्रोतलाई प्रवाह गर्ने लगायत सार्वजनिक कार्यक्रमहरूसँग अझ बढी तालमेल गर्ने, क्षेत्रगत अवधारणा र साझा कोषको रूपमा सहयोग प्रदान गर्ने।	**प्रतिफल १.१** स्वीट्जरल्याण्डले सहयोग गरेको राज्य पुनःसंरचना र वैधानिक निर्वाचनका परिणामस्वरूप केन्द्रको राज्य संरचना र चुनिएका प्रान्तीय र स्थानीय तहका संरचनाहरू बढी प्रभावकारी तथा जनताप्रति बढी जवाफदेही हुने छन्।	**परिदृश्य ३ को अवस्थामा समग्र अनुकूलन** • क्रियाशील नागरिक निगरानी संयन्त्रलाई स्थापित गर्न वा सबल बनाउन गैरसरकारी संस्था र नागरिक समाजलाई अझ बढी सहयोग। • वैदेशिक सहायता पद्धतिः कोषको दुरूपयोग रोकथाम गर्ने। र जोखिमलाई आँकलन गर्ने उपायसहितको परियोजना अथवा कार्यक्रम पद्धति। अवसरहरूलाई सदुपयोग गर्नका लागि कार्यक्रम व्यवस्थापनमा अझ बढी लचकता। • नेपाल सरकारप्रतिको सन्देश र अनुदानमा सामञ्जस्यता ल्याउन दातृ निकायहरूसँगको सक्रिय समन्वय। • सुरक्षा व्यवस्थापन/द्वन्द्वप्रति सम्वेदनशील कार्यक्रम व्यवस्थापनलाई सबल बनाइने।
प्रतिफल १.१ र १.२ अन्तर्गत • कन्द्रिय तथा चुनिएका प्रान्तीय तथा स्थानीय तहहरूका क्रियाशील राज्य संरचना स्थापित गर्नका लागि सरकारलाई अझ बढी सहयोग। • नेपाल सरकार, निर्वाचन आयोग र नागरिक समाज संस्थाहरूलाई निर्वाचनका लागि तयारी गर्न, निर्वाचन गराउन तथा अनुगमन गर्नका लागि वित्तीय तथा प्राविधिक सहयोग, अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक उपलब्ध गराउने। • औपचारिक सहजीकरण तथा मध्यस्थकर्ता संयन्त्रलाई सबल बनाउने। • राष्ट्रिय सुरक्षा नीति तथा विधिको शासन लागू गर्नका लागि जिम्मेवार राष्ट्रिय संस्थाहरूको क्षमता अभिवृद्धि। • सुरक्षा परिषद्को महासन्धी १३२५ र १८५० को कार्यान्वयनका लागि राष्ट्रिय कार्य योजनालाई अझ बढी सहयोग।	**प्रतिफल १.२** मुख्य सरोकारवालाहरूले द्वन्द्व (स्रोत तथा पहिचानमा आधारित समेत)लाई सम्बोधन गर्न शान्तिपूर्ण उपायहरूको बढ्दो प्रयोग गर्ने छन्, र महिला तथा पुरुषहरू घरेलु हिंसालाई सम्बोधन गर्न सशक्त हुने छन्।	**परिणाम १.१ र १.२ अन्तर्गत** • नागरिक समाज सहजीकरण र मध्यस्थता संयन्त्रलाई सबल बनाउने। • निर्वाचन पर्यवेक्षणलाई अझ बढी सहयोग (अन्तर्राष्ट्रिय तथा नागरिक समाज)। • अवस्थाले साथ दिएको बेला स्थानीय निकायलाई सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिन सहयोग प्रदान गर्ने। • महिला र शान्तिका लागि कार्य गर्न नागरिक समाजलाई अझ बढी सहयोग प्रदान गर्ने। • सुरक्षा फौजमाथि लोकतान्त्रिक निगरानीका लागि वकालत गर्ने नागरिक समाज संस्थाहरूको अझ बढी क्षमता अभिवृद्धि।

परिदृश्य १ लोकतान्त्रिक संघीय गणतन्त्रतिरको समावेशी संक्रमण	परिदृश्य २ विलम्बित संक्रमणकाल सरकारको फेरबदल	परिदृश्य ३ संकटसहितको निरंकुश शासन
प्रतिफल १.३ अन्तर्गत • नागरिक समाजसँगको नजिकको सहकार्यमा विश्वव्यापी आवधिक समीक्षाको सिफारिशको कार्यान्वयनलगायत नेपाल सरकारको कार्य योजनालाई प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनका लागि राज्यका निकायहरूलाई अझ बढी प्राविधिक तथा वित्तीय सहयोग प्रदान गर्ने । • मानव अधिकार र संक्रमणकालिन न्यायसँग सम्बन्धित सान्दर्भिक राष्ट्रिय संस्थाहरू र आयोगहरूलाई वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्ने ।	**प्रतिफल १.३** स्वीस सहयोगको परिणामस्वरूप सान्दर्भिक राष्ट्रिय संस्थाहरूले मानव अधिकार र त्यसमा पनि विशेषगरी दण्डहिनता, विभेद, आप्रवासन र शरणार्थीसँग सम्बन्धित मानव अधिकारलाई प्रभावकारी रूपमा प्रवर्द्धन गरी संरक्षण गरिएको हुने छ ।	**प्रतिफल १.३ अन्तर्गत** • सरकारलाई अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डलाई पालन गर्न उसको दायित्वलाई सहयोग गर्नका लागि गैरसरकारी संस्था र नागरिक समाजलाई अझ बढी सहयोग, विधिको शासन, मानव अधिकार, दण्डहिनता आदिमा कार्य गर्नका लागि गैरसरकारी संस्थाहरू तथा नागरिक समाजलाई अझ बढी सहयोग । • आफ्नो कार्यसम्पादन गर्नका लागि चाहिने स्वतन्त्रता तथा विश्वसनीयता नभइन्जेलसम्म मानव अधिकार र संक्रमणकालिन न्यायका लागि जिम्मेवार राज्यका निकाय तथा आयोगहरूलाई कुनै पनि वित्तीय एवं प्राविधिक सहयोग प्रदान नगर्ने ।
कार्यक्रमको क्षेत्र २: जनता, र त्यसमा पनि विशेष गरी ग्रामीण तथा साना शहरी क्षेत्रमा बसोबास गर्ने सिमान्तकृत समूहहरूको सुधारिएको जीविकोपार्जन र उनीहरूको पुनःउत्थानशीलता ।		
परिदृश्य १ को अवस्थामा समग्र अनुकूलन • प्रभावकारी सेवा प्रदान गर्ने कार्यमा केन्द्रित सरकारी पद्धति, प्रकृयाहरू तथा संस्थाहरूसँग अझ बढी सामञ्जस्यता । • वैदेशिक सहायताको विधिः राज्यकोष वा स्थानीय निकायहरूको खातामा स्रोतलाई प्रवाह गर्ने लगायत सार्वजनिक कार्यक्रमहरूसँग अझ बढी सामञ्जस्यता गर्ने । • साना कार्यक्रम कम गर्ने र परियोजना पद्धतिबाट क्षेत्रगत अवधारणा (SWAPs), साझा लगानी सम्झौता तथा बास्केट फण्डिङ्ग लगायतका कार्यक्रम पद्धति तर्फ लाग्ने • कार्यक्रमहरूलाई अझ बढी व्यवस्थित र प्रभावकारी बनाउने र प्रशासनिक, शीर्षकगत तथा सञ्चालन खर्चलाई कम गर्ने ।	**नतिजा २.१** गैह्रलाभान्वित समूहहरूले आफ्नो जीविकोपार्जन र पुनःउत्थानशीलतालाई सुधार गर्ने छन् ।	**परिदृश्य ३ को अवस्थामा समग्र अनुकूलन** • सरकारसँग सीमित सामञ्जस्यता, प्रत्यक्ष स्वीस कार्यान्वयनमा वृद्धि र नागरिक समाज र नीजि क्षेत्रसँग बढी सहकार्य गर्ने । • क्रियाशील नागरिक निगरानी संयन्त्रलाई स्थापित गर्न वा सबल बनाउन गैरसरकारी संस्था र नागरिक समाजलाई अझ बढी सहयोग प्रदान गर्ने । • सहायता पद्धतिः मजबूत जोखिम आँकलन र कोषको दुरूपयोगलाई रोकथाम गर्ने उपायसहितको परियोजना अथवा कार्यक्रम अवधारणा । अवसरहरूलाई सदुपयोग गर्नका लागि कार्यक्रम व्यवस्थापनमा अझ बढी लचकता अपनाउने । • सुरक्षा तथा अनुगमनमा बढी केन्द्रित भई लगानी गर्ने र कार्यक्रमको प्रभावकारितामा आउने सम्भावित कमीलाई स्वीकार गर्ने ।
प्रतिफल २.१ अन्तर्गत • लैङ्गिक समानता र सामाजिक समावेशीकरणसँग सम्बन्धित एजेण्डालाई प्रवर्द्धन गर्ने । • जीविकोपार्जनका लागि वहुविकल्पहरूको प्रावधानमार्फत आर्थिक उत्थानलाई प्रवर्द्धन गर्ने । • जनता, विशेष गरी गैह्रलाभान्वित समूहहरूको क्षमता अभिवृद्धिमार्फत दिगो विकासलाई प्रवर्द्धन गर्ने ।		**प्रतिफल २.१ अन्तर्गत** • गैह्रलाभान्वित समूहहरूको सट्टा सामाजिक द्वन्द्व र प्राकृतिक अथवा मानवनिर्मित संकटको आर्थिक जोखिममा परेका समूहहरूमा बढी केन्द्रित । • प्राकृतिक अथवा मानवनिर्मित विपदलाई सम्बोधन गर्नका लागि अझ बढी मानवीय सहयोग । • क्षमता अभिवृद्धिमा कम ध्यान दिने र छिटो प्रभाव आउने कृयाकलापमा बढी केन्द्रित ।
प्रतिफल २.२ अन्तर्गत • क्षमता अभिवृद्धिलाई बढी ध्यान दिने, सरकारलाई अझ बढी प्राविधिक सहयोग प्रदान गर्ने । • स्थानीय तहमा प्रभावकारी सेवा प्रदान गर्नका लागि अनुकूल वातावरण सिर्जना गर्न राष्ट्रिय स्तरमा अझ बढी नीतिगत सहयोग प्रदान गर्ने (जस्तै, ब्लक अनुदान निर्देशिकामा सल्लाहसुझाव, गाविस सचिवहरूलाई आफ्ना वा सम्बन्धित गाविसमा रहनका लागि वकालत गर्ने आदि) । • नीजि क्षेत्रसँग अझ बढी सहकार्य र विश्लेषणको उत्पादनमूलक प्रयोगलाई प्रवर्द्धन गर्ने । • प्रान्त/स्थानीय सरकारसँग बलियो साझेदारी गर्ने, जसले स्थानीय बजेटमा अझ बढी सहयोग पुग्ने छ ।	**प्रतिफल २.२** क्लष्टर क्षेत्रका (प्रान्तीय सरकारलगायत) स्थानीय सरकार र सम्बद्ध निकायहरूले महिला तथा पुरुष, र त्यसमा पनि विशेष गरी गैह्रलाभान्वित समूहहरूको आश्यकता र मागको आधारमा प्रभावकारी रूपमा आधारभूत सेवाहरू प्रदान गर्ने छन् ।	**प्रतिफल २.२ अन्तर्गत** • क्षमता अभिवृद्धिमा कम ध्यान दिने र स्थानीय सेवा प्रदायक, स्थानीय गैरसरकारी संस्थाहरू आदि मार्फत छिटो प्रभाव आउने कृयाकलापमा बढी केन्द्रित । • बढेको आप्रवासन र आन्तरिक बसाइसराइको आवश्यकतालाई सम्बोधन गर्ने लक्ष्य लिएको कार्यक्रममा वृद्धि । • मानव अधिकारका कार्यक्रम र सामाजिक, सम्प्रादायिक तनाव/द्वन्द्वलाई कम गर्न/मध्यस्थता गर्न सहजीकरण गर्नका लागि अझ बढी सहयोग ।

अनुसूची ङः
वित्तीय योजना तथा अन्य स्वीस योगदान

कार्यक्रम कार्यान्वयनको क्षेत्र	सहकार्य रणनीति अवधिभरिमा प्रदान गर्ने योजना गरिएको (प्रतिशतमा)	सहकार्य रणनीति अवधिभरिमा प्रदान गर्ने योजना गरिएको (स्वीस फ्र्याङ्क दश लाखमा)
क्षेत्र १: समावेशी राज्य, मानव सुरक्ष र विधिको शासन (दक्षिण एशिया र मानव सुरक्षा महाशाखा)	२०	३९
क्षेत्र २: सुधारिएको जीविकोपार्जन र पुनःउत्थानशीलता (दक्षिण एशिया मानव सुरक्षा महाशाखा)	७६	१४५
कार्यालय खर्च	४	८
जम्मा खर्च	**१००**	**१९२**
अन्य (दक्षिण एशिया क्षेत्रीय, स्वीस फ्र्याङ्क ८० लाख, संस्थागत साझेदारी स्वीस फ्र्याङ्क ४० लाख)		१२
कूल खर्च (स्वीट्जरल्याण्ड)		**२०४**

सहयोगका स्रोतहरू

क्षेत्र १: दक्षिण एशिया डिभिजनः स्वीस फ्र्याङ्क ३ करोड २५ लाख र मानव सुरक्षा डिभिजन स्वीस फ्र्याङ्क ६५ लाख
क्षेत्र २: दक्षिण एशिया डिभिजनः स्वीस फ्र्याङ्क १३ करोड ७५ लाख र मानवीय सहयोग स्वीस फ्र्याङ्क ७५ लाख
कार्यालय खर्चः दक्षिण एशिया डिभिजन स्वीस फ्र्याङ्क ८० लाख

अनुसूची चः
परिभाषिक शब्दावलीको सूची

जलवायु परिवर्तनसँग अनुकूलन अथवा **जलवायु अनुकूलन** भनेको जलवायुमा हुने वास्तविक अथवा अपेक्षित परिर्वतन अथवा त्यस्तो परिवर्तनले ल्याउन सक्ने प्रभावसँग प्राकृतिक अथवा मानव पद्धतिको अनुकूलनलाई जनाउँदछ । यस्तो अनुकूलनले हानीलाई कम गर्न सक्दछ अथवा लाभदायी अवसरहरूको उपयोग पनि गर्न सक्दछ । अनुकूलन विभिन्न प्रकारका हुन्छन्, जस्तो कि अपेक्षित वा अनुमान गरिएको र प्रतिक्रियात्मक, नीजि र सार्वजनिक, स्वतन्त्र र योजनाबद्ध अनुकूलन ।

क्लष्टर भनेको भौगोलिक रूपमा परिभाषित गरिएको निश्चित भौगोलिक केन्द्रित कार्य क्षेत्र (भौगोलिक केन्द्रित कार्य क्षेत्रको परिभाषा पनि हेर्नु होला)

गैह्रलाभान्वित समूहहरू भनेको लिङ्ग, जाती, जात/धर्म र क्षेत्रीय पहिचान हिसाबले सामाजिक विभेदमा परेका र आर्थिक रूपमा विपन्न (प्रति वर्ष/व्यक्ति रु १९,२६१ रुपैयाँ (अमेरिकी डलर २२५) भन्दा कम आय गर्ने अथवा छ महिनाभन्दा कम समयका लागि खाद्य सुरक्षा भएको) समूहका व्यक्ति जनाउदछ ।

विपद् जोखिम न्यूनीकरणले विपद्को कारक तत्वलाई पद्धतिमूलक प्रयासहरूमार्फत विश्लेषण तथा व्यवस्थापन गरी विपद्को जोखिमलाई कम गर्ने अवधारणा तथा अभ्यासलाई जनाउदछ । यस अन्तर्गत संकट वा विपद्मा पर्न सक्ने सम्भावनालाई कम गर्ने, मानिस तथा सम्पतिको जोखिमलाई कम गर्ने, जमिन तथा वातावरणको बुद्धिमत्तापूर्व व्यवस्थापन र गम्भीर संकटका लागि सुदृड तयारी पर्दछन् ।
स्रोतः विपद् न्यूनीकरणका लागि संयुक्त राष्ट्र संघको रणनीति, विपद् जोखिम न्यूनीकरणका लागि शब्दावली, २००९

खाद्य सुरक्षा भनेको त्यस्तो अवस्था हो "जब सबै मानिसको हर समयमा स्वस्थ्य तथा सक्रिय जीवनयापन गर्नका लागि पयार्प्त, सुरक्षित र पोषणयुक्त खानामा पहुँच हुन्छ" (विश्व खाद्य सम्मेलन) । यस परिभाषाले खानाको दुवै शारीरिक तथा आर्थिक पहुँचको पक्षलाई जोड्दछ, जसले मानिसको आहार र आहार बारेको रोजाइ दुवै कुरालाई सम्बोधन गर्दछ । खाद्य सुरक्षा प्रायःजसो तीन वटा आधारभूत तत्वको मिश्रणले निर्धारण गर्दछः उपलब्धता, पहुँच र प्रयोग । खाद्य उपलब्धताले त्यो अवस्थालाई जनाउदछ, जति बेला नियमित तवरमा पर्याप्त परिमाणमा खाद्यपदार्थ उपलब्ध हुन्छ । खाद्यमा पहुँच भन्नाले त्यस्तो अवस्थालाई जनाउदछ जति बेला पोषणसहितको खाद्यपदार्थ प्राप्त गर्नका लागि मानिससँग पर्याप्त स्रोतहरू हुन्छन् । खाद्यको प्रयोग भन्नाले आधारभूत पोषण र हेरचाहको ज्ञानको आधारमा खाद्यपदार्थको उपयुक्त प्रयोगलाई जनाउँदछ ।

भौगोलिक केन्द्रित कार्य क्षेत्रः स्वीस कार्यक्रम मुलुकभरि नै कार्यान्वयन हुन्छ तर मुख्यःतया दुई वटा भौगोलिक क्षेत्रमा विशेष प्राथमिकता दिइएको छ, जसलाई **क्लष्टर क्षेत्र** भनिन्छ । यसले मुख्यःतया भविष्य केन्द्रित प्रान्तलाई जोड दिने छ, मध्य र पश्चिम नेपालको एक-एकवटा प्रान्तलाई । जीविकोपार्जनसम्बन्धी परियोजनाहरू सडक करिडोरले छोएका वा त्यस वरिपरिका गाविसहरूमा कार्यान्वयन गरिने छ, जसले अधिकतम् आर्थिक अवसरहरू उपलब्ध गराओस् । यी गाविसहरू भविष्यमा फरकफरक जिल्ला वा प्रान्तमा पर्न सक्दछन् । यदि हाल विद्यमान गाविसहरूको सिमानामा हेरफेर भएमा भविष्यमा नयाँ क्लष्टर क्षेत्रको छनौट गरिने छ जसले सडक करिडोरले प्रदान गराउने आर्थिक प्रभाव क्षेत्रलाई समेटने छ । यस्तो नयाँ क्लष्टर हाल विद्यमान स्वीस कार्याक्रमको भौगोलिक प्राथमिकताको क्षेत्रमध्येबाटै कायम गरिने छ । यी सुशासन, सशक्तीकरण र सामञ्जस्यतासम्बन्धी परियोजनाहरू यिनै केन्द्रित प्रान्तहरूमा हुने छन् ।

मानव सुरक्षाको अवधारणाले मानिसको कुनै डरत्रास बिना बाँच्न पाउने आवश्यकतामा केन्द्रित हुन्छ । प्रत्येक व्यक्तिको सुरक्षालाई सुनिश्चित गर्नका लागि आवश्यक पर्ने क्षेत्रहरूमा यसले राज्यले दिनु पर्ने सुरक्षाको परम्परागत सुरक्षाको बुझाइसँग नै मेल खान्छ । अतः मानव सुरक्षाको प्रवर्द्धनले असल कार्यालय र मध्यस्थता सेवा, द्वन्द्व रूपान्तरण, जमिनमुनि विछ्याइएको बारुद र अवैध साना शस्त्रविरुद्धको संर्घष, बाल सेवाको प्रयोगलाई रोक्ने र मानव तस्करी विरुद्धको लडाइं जस्ता कुराहरूलाई समेट्द छ । यसअन्तर्गत सशस्त्र समूह र अतिक्रान्तिकारी अवधारणाहरूलाई सामना गर्ने पद्धति र नागरिकको सुरक्षा गर्ने र मानव अधिकार प्रवर्द्धन गर्ने उद्देश्य लिइएको कार्यक्रमहरू पनि पर्दछन् । अझ वृहत अर्थमा, मानव सुरक्षाले विकास र गरिबी विरुद्धको लडाइलाई पनि समेट्दछ (चरम गरिबीबाट मुक्ति) ।

निष्पक्षताः निष्पक्षताको सिद्धान्तको आशय् मानव अधिकार जस्ता आधारभूत मान्यताहरूमा सम्झौता नगरी सबै पक्षहरूसँग वार्ता गर्दै समझदारी बनाउनु हो । यो सिद्धान्त गैह्रलाभान्वित समूहहरूलाई लक्षित गरिने कार्यको प्रतिवाद गर्दैन ।

'मर्भ' (MERV) भनेको एसडीसीको सन्दर्भ अनुगमन गर्ने संयन्त्र हो। जर्मन भाषामा यसको अर्थ विकासका सान्दर्भिक परिवर्तनहरूको अनुमगन भन्ने अर्थ लाग्दछ।

नेपालीहरूको स्वामित्व र सशक्तीकरण भनेको नेपाली जनता र सरकारको उनीहरूको आफ्नो प्राथमिकता अनुरूप आफ्नै रोजाइ गर्ने क्षमता हो, जुन नेपाल सरकारको विद्यमान योजना र नेपाली सामाजिक क्षेत्रका कर्ताहरूको प्राथमिकतासँग पनि मेल खान्छ। *स्रोतः नेपालका लागि स्वीस सहयोग रणनीति २००९-१२*

पुनःउत्थानशीलता आर्थिक, सामाजिक, राजनीतिक, वातावरणीय तथा प्राकृतिक विपद्जस्ता तनाव तथा वाह्य धक्काहरूलाई दीर्घकालिन हिसाबले सम्झौता नगरिकन पुनःउत्थान गर्न सक्ने लाभग्राहीहरूको क्षमता जनाउँदछ। लाभग्राहीको क्षमता जसले आर्थिक, सामाजिक, राजनीतिक, वातावरणीय तथा प्राकृतिक विपद् आदिको असरबाट हुने तनाव र बाहिरी धक्काहरूलाई धान्दै दीर्घकालिन आकांक्षाहरूलाई सम्झौता गरी निरन्तर प्रगति गर्नु।

सडक करिडोर पद्धतीले क्लष्टरभित्र र क्लष्टरसँग जोडिएका मुख्य सडक छेउको आर्थिक विकासलाई जोड दिन्छ। यसले क्लष्टर क्षेत्रहरूमा अझ बढी समन्वय तथा सहकार्यमा योगदान दिन्छ र लाभग्राहीका लागि जीविकोपार्जनका विविध अवधारणालाई बढावा दिन्छ। सडक करिडोर अवधारणाको सबै रणनीतिक परिणामहरूलाई वर्णन गरेर सन् २०१३ मा एउटा अवधारणा पत्र तयार गरिने छ।

विधिको शासन भनेको शासनको सिद्धान्त हो जहाँ सबै व्यक्ति, संस्था र राज्यलगायत सार्वजनिक र नीजि सत्ता, सार्वजनिक रूपमा जारी गरिएको कानुनप्रति जवाफदेही हुन्छन्, जुन समान रूपमा लागू गरिन्छन् र स्वतन्त्र रूपले अधिनिर्णय गरिन्छ र जुन अन्तर्राष्ट्रिय मानव अधिकारको मान्यता तथा मापदण्डसँग मेल खान्छ। यसका लागि विधिको सर्वोच्चताको सिद्धान्तको पालना हुने, कानुनको अघि सबै समान हुने, कानुनप्रति जवाफदेही हुने, कानुन स्वच्छ रूपमा लागू हुने, शक्तिको पृथकीकरण, निर्णय प्रकृयामा सहभागिता, न्यायिक सुनिश्चितता, स्वेच्छाचारितालाई निर्मूल गर्ने र प्रकृयागत तथा न्यायिक पारदर्शितालाई सुनिश्चित गर्ने उपायहरू आवश्यक पर्दछन्। *स्रोतः संयुक्त राष्ट्र संघको महासचिवको प्रतिवेदनः द्वन्द्व एवं द्वन्द्वपछिको समाजहरूमा विधिको शासन तथा संक्रमणकालिन न्याय (२००४)*

सामाजिक परिचालनले समुदायमा रहेका सबैभन्दा विपन्न तथा सामाजिक रूपमा विभेद गरिएका समूहहरूमा गएर उनीहरूलाई संगठित गर्नु र उनीहरूलाई लाभ हुने उद्देश्यलाई प्रभावित गर्नका लागि उनीहरूलाई सक्षम बनाउनु भन्ने जनाउँदछ। यस प्रकृयाअन्तर्गत विपन्न तथा सामाजिक रूपमा विभेद गरिएका समूहहरूको परिचान गर्ने, उनीहरूलाई संगठित गर्ने, आफ्ना आवाजलाई मुखरित गर्ने क्षमतालाई मजबूत बनाउन र उनीहरूको संयुक्त कार्यमार्फत विकासका कार्यक्रमहरू उपलब्धीको उपभोग गर्न निम्ति उनीहरूलाई सहयोग गर्ने पर्दछन्। स्वीस सहयोग रणनीतिले सामाजिक परिचालनको एकरूपतापूर्ण अवधारणालाई बढावा दिन्छ जहाँ कुनै निश्चित भौगोलिक क्षेत्रको एउटा साझा सामाजिक परिचालकले समुदायहरूलाई विपन्न र विभेद्मा परेका समूहरूलाई पहिचान तथा संगठित गर्न सहयोग गर्दछ; विकासको प्रकृयामा प्रभावकारी रूपमा सहभागी हुन उनीहरूको क्षमता विकास गर्दछ र उनीहरूको जीविकोपार्जनका लागि महत्वपूर्ण हुने पुँजी र सेवाहरूमा पहुँच पाउनका लागि सहयोग गर्दछ। विकासका पुँजीहरू र सेवाहरू प्रदान गर्नका निम्ति (स्वीसले सहयोग गरेका परियोजनाहरू तथा स्थानीय सरकारी निकायहरू लगायतका) सेवा प्रदायकहरूले यी प्रकृया र मञ्चहरूको प्रयोग गर्दछन्।

लक्षित गर्ने कार्य भनेको विकास सहयोगको बढी आवश्यकता भएका समुदाय, परिवार र व्यक्तिहरू (जस्तो कि लक्षित समूहहरू)को पहिचान गर्ने र उनीहरूलाई आवश्यक सेवा र सहयोग प्रदान गर्ने विधि वा पद्धति हो। लक्षित लाभग्राहीहरूको पहिचान गर्ने प्रकृयाअन्तर्गत गैह्रलाभान्वित समूहहरूको उच्च घनत्व भएको स्थानको पहिचान गर्ने, र त्यस पश्चात एकभन्दा बढी प्रकारका प्रतिकूलता भएका परिवार र व्यक्तिहरू पहिचान गर्ने कार्य पर्दछन्। यसका लागि धेरै जसो प्रयोग हुने औजारहरूमा स्तर (गाविस स्तरमा) पहिचान गर्नका लागि गैह्रलाभान्वित समूहहरूको नक्शाङ्कन र एकभन्दा बढी प्रतिकूलता भएका परिवार र व्यक्तिहरू पहिचान गर्न सहभागितामूलक सम्पन्नता मापन गर्ने औजारहरू पर्दछन्।

कर्मचारीमा विविधताः लिङ्ग, जात, उमेर, संस्कृति, धर्म र वंशज आदिको दृष्टिकोणले विविध मानव गुणहरूले परिपूर्ण एउटा समावेशी कर्मचारी समूह। सांस्कृतिक पृथकता अपरिहार्य तथा प्राकृतिक कुरा ठानिएकाले विविधताको शक्तिबाट लाभ लिनका लागि संस्थाको कर्मचारीमा विविध पृष्ठभूमिका मानिसहरूलाई समावेश गर्न सचेत प्रयास गरिनु पर्दछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई मध्यनजर गर्दै स्वीट्जरल्याण्डको दूतावासले कुन-कुन समूहहरू विभेदमा परेका छन् भनेर परिभाषित गर्न सामाजिक तथा लैङ्गिक विभेदलाई आधार मान्ने छ।

अनुसूची छ(क):

भौगोलिक केन्द्रित कार्यक्षेत्र सहितको नेपालको मानचित्र



अनुसूची छ(ख):

मध्य क्लष्टरमा प्रस्तावित सडक करिडोर पद्धति

सडक करिडोरहरूले समेट्ने क्षेत्रको सचित्रकरण साङ्केतिक मात्र हुन् र परिस्थीती अनुसार परिवर्तन हुन सक्दछन् । त्यस अनुरूप मध्य क्लष्टर यहाँ उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।